“सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA
द्वैमासिक

बर्ष ८ अंक १६, असोज–कात्तिक, २०७६ www.ncbl.coop September 2019- October 2019

# सहकारी बैंकको साधारणसभा पुस ३ गते

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १६औं वार्षिक साधारणसभा आगामी पुस ३ गते हुने भएको छ । बैंक सञ्चालक समितिको २४ कात्तिकमा सम्पन्न बैठकले काठमाडौंमा साधारणसभा गर्ने निर्णय गरेको हो । देशभरका सहकारीहरूको एक मात्र बैंकका रूपमा रहेको सहकारी बैंकमा ११ हजार ३ सय सहकारी संघसंस्था सदस्य छन् । देशभरका सबै सदस्य संघसंस्थाका प्रतिनिधिको सहभागितामा हुने वार्षिक साधारणसभामा प्रस्तुत हुने वार्षिक प्रतिवेदन पारित गरिएको बैंकका अध्यक्ष के.बी. उप्रेतीले जानकारी दिए ।



बैंकलाई थप प्रभावकारी बनाउने, सदस्य संघसंस्थाको प्रवर्द्धनका लागि नयाँ कार्यक्रम तथा प्रस्ताव ल्याउने भएकाले सबै सदस्य संघसंस्थाका प्रतिनिधिलाई साधारणसभामा सहभागिताका लागि बैंकले आह्वान गरेको छ ।

४४ शाखामार्फत देशभरका सहकारी संघसंस्थाको शेयर रकम १ अर्ब ६८ करोड ३८ लाख, निक्षेप २८ अर्ब ४० करोड र कर्जा २० अर्ब रहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले जानकारी दिए ।

### एटिएम सञ्चालन सम्झौता

## सहकारी बैंकमार्फत सदस्यले कार्ड उपयोग गर्न पाउने



राष्ट्रिय सहकारी बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडबीच सहकारी संस्थामार्फत सहकारीका सदस्यले एटिएम कार्ड उपभोग गर्ने असोज २८ गते सम्झौता भएको छ ।

कृषि विकास बैंक लिमिटेडको प्रधान कार्यालय रामशाहपथ काठमाडौंमा एक कार्यक्रमबीच राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं र कृषि विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्यायले

**बाँकी पेज १४ मा**

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**
माधवलाल देवकोटा

**सदस्यहरू**
राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नविन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
नविन पौडेल, मनोज श्रेष्ठ, बिबेक खड्का, सस्मित ढुंगाना

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

**मुद्रण**
हिमालयन अफसेट प्रिन्टिङ्ग प्रेस
बालकोट, भक्तपुर

## सम्पादकीय

# सहकारीको योगदानलाई पुनर्मूल्याङ्कन गरौं ।

नेपालको संविधान २०७२ मा सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने उल्लेख छ । समृद्ध नेपाल सुखी नेपाली नेपाल सरकारको ध्येय हो । आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सहकारी एउटा प्रमुख आधार हो भन्ने कुरा संवैधानिक रुपमा नै स्थापित विषय हो । वि.सं. २०७४ को तथ्यांक अनुसार मुलुकभर रहेका ३४ हजारभन्दा बढी सहकारी संस्थाले ३ खर्बभन्दा बढी निक्षेप संकलन गरेका छन् भने पौने ३ खर्बको हाराहारीमा कर्जा प्रवाह गरेका छन् । सोही आर्थिक वर्षमा नेपालमा बैंक तथा वित्तीय संस्थाहरुमा निक्षेप संकलन २२ खर्ब ९९ अर्ब र कर्जा प्रवाह १९ खर्ब ८६ अर्ब भएको थियो । नेपालको बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको तुलनामा सहकारी संस्थामा रहेको निक्षेप तथा कर्जा दुवै करीब १४ प्रतिशत हो । मुलुकमा पूँजी निर्माण गर्न सरकारी क्षेत्रले गरेको योगदान निकै महत्वपूर्ण छ ।

सहकारीको योगदान अझै बढाउन आवश्यक छ, ३३ प्रतिशत योगदान सहकारीको बनाउन प्रयत्न भइनै रहेको छ । तर अहिले जे जस्तो अवस्था छ, त्यसको सही तंथ्यांक नआउदा योगदान गर्नेहरु पनि अलमलमा रहेका छन् । सहकारी क्षेत्रले निष्क्रिय पूँजि परिचालन गरेर राज्यलाई कर तिरेको छ । प्रत्येक सदस्यले वचत गरेर पाउने व्याज लगायतबाट राज्यलाई कर तिरी रहेका छन् तर राजस्व विभागले सहकारी क्षेत्रले तिरेको करको समेत सही तथ्याङ्क सार्वजनिक गर्न सक्दैन । सहकारीमार्फत जनताले आर्थिक अवस्था सुधारमा के गरेका छन् भन्न कुरा त आउन सकेकै छैन । सहकारीका कमजोरी पक्षलाई बढी प्राथमिकता दिने गरिन्छ । कमजोरी हरेक क्षेत्रमा छन् । तिनलाई सुधार गर्नु पर्छ तर कमजोरी देखाएर राम्रा काम ओझेलमा पर्न भएन ।

पछिल्लो समय सहकारीसंग गरिवी निवारण मन्त्रालय जोडिएको छ । गरिवी निवारणमा सहकारीको योगदान छ कि छैन वा सहकारीमार्फत गरिवी निवारणमा के योगदान गर्न सकिन्छ भन्ने विषयमा बढी जोड दिन आवश्यक छ । मन्त्रालय, विभाग, प्रदेश तथा स्थानीय सरकार लगायत सहकारी अभियानका विभिन्न निकायहरुले अब सहकारी क्षेत्रको योगदानको अभिलेखसंगै थप प्रभावकारी कसरी बनाउन सकिन्छ, संविधानको भावना अनुसार सहकारी क्षेत्रलाई समृद्ध नेपाल सुखी नेपाली बनाउने अभियानमा कहाँ जोड्न सकिन्छ भन्ने विषयमा ध्यान दिन जरुरी छ ।



# जलवायु परिवर्तन
# अनुकूलन क्षमता सुदृढीकरणमा सहकारी

> हाम्रो वायुमण्डलमा कार्वनडाइअक्साइडको सान्द्रता सन् २०१८ मा ३ मिलियन वर्षकै सर्वाधिक बढी देखिएको थियो । विश्वका ११ प्रतिशत मानिस जलवायु परिवर्तनको प्रभावले समस्या भोगिरहेका छन् भन्ने विभिन्न अध्ययनले देखाइसकेको छ । सुख्खा, बाढीपहिरो, तातो हावा, समुद्र सतहको वृद्धिजस्ता संवेदनशील चुनौती सामना गर्न मानिस बाध्य भएका छन

**रामसूदन तिमल्सिना**

विश्वको १२ प्रतिशत मानिस सहकारी अभियानसँग जोडिन पुगेका छन् । विश्वमा सहकारीले मात्र १० प्रतिशत रोजगारी सिर्जना गरेको छ । तर, यतिबेला सहकारी सदस्य नभएका र सहकारीमा प्रत्यक्ष नजोडिएका व्यक्तिबाट समेत सहकारी मोडेलका विषयमा चासो बढ्नुले पनि यसको थप महत्व उजागर गरेको छ । विभिन्न अन्तर्राष्ट्रिय विकास सहायता एजेन्सीले आफ्ना एजेन्डामा सहकारीलाई महत्वसाथ समावेश गर्न थालेका छन् । पैसा र प्रविधिको उचित प्रयोग हुने भएकाले पनि सहकारी मोडेलको विकल्पमा अर्को भरपर्दो व्यवसाय नदेखिनु स्वाभाविक हो । आफ्ना लागि सदस्यले आफ्नै नेतृत्वमा कार्य गर्ने यो मोडेल सबै क्षेत्रमा उत्तिकै फिट र प्रभावकारी पनि छ ।

नाफाका लागि जे पनि गर्ने प्रवृत्तिविरुद्ध धावा बोल्ने नैतिक, मूल्य र सिद्धान्तमा आधारित उद्यम हो सहकारी । त्यसैले दिगो विकास लक्ष्य हासिल गर्न सहकारी अभियानले महत्वपूर्ण भूमिका खेल्नुपर्ने अवस्था सिर्जना भएको छ । सहकारीले यसमा अर्थपूर्ण जिम्मेवारी बहन गर्ने कार्य गरिरहेका छन् । आर्थिक वृद्धि, सामाजिक विकास र वातावरणीय उत्तरदायित्वका लागि दीर्घकालीन दृष्टिकोणको पोषण मात्र होइन अब कार्यान्वयनमा युद्धस्तरमा सहकारी अभियान लागिपर्नुपर्ने अवस्था छ । कोही पछाडि नपरुन् भन्ने थिमका साथ विश्वको चुनौती सामना गर्न दिगो विकास लक्ष्यका १७ वटा एजेन्डा तय भएका छन् । कसैलाई पछाडि नपार्ने समान रूपमा पुँजीभन्दा सदस्यको महत्व दिने एउटै व्यवसाय भनेको सहकारी व्यवसाय हो । त्यसैले यो थिमलाई सहकारीले नै जिम्मेवारीपूर्ण भएर बोक्नुपर्छ । त्यसका लागि सहकारीले सिद्धान्तलाई पूर्ण पालना गर्न भुल्नु हुँदैन । सहकारी मोडेलले पनि निजी व्यवसायीझैं नाफालाई मात्रै नजर दौडाउन थाल्यो भने यसको सुन्दर पक्ष नै हराउँछ ।



दिगो विकास लक्ष्यमा आफ्नो संघसंस्थाको अवस्था कस्तो छ ? कुन एजेन्डामा आफ्नो संस्थाले काम गरिरहेको छ ? त्यसमा गहिरिएर अध्ययन गर्ने बेला आइसकेको छ । संघ/संस्थाको सञ्चालकको कर्मचारी र सदस्यको दिगो विकास लक्ष्यको विषयमा ज्ञान र क्षमता वृद्धि गर्नेतर्फ हाम्रो योजना नीति र रणनीति तय हुनुपर्छ । दिगो विकास लक्ष्यमा हामीले गरेको कार्यको मापन गर्ने र त्यसले के उपलब्धि दियो भनेर डकुमेन्टेसन गर्ने मेजरमेन्ट गर्ने हाम्रो कार्य हुनुपर्छ। हाम्रो ज्ञानलाई व्यवस्थापन गर्ने र आफ्नो कथालाई सुनाउने, प्रचार गर्ने कार्य गर्नुपर्छ । जसले अरूलाई पनि प्रेरणा मिल्छ र सहकारी मोडेलको शक्तिको पहिचान हुनेछ ।

आज जलवायु परिवर्तन मानव जातिको सबैभन्दा ठूलो चुनौतीका रूपमा देखा पर्दै छ । दिगो विकास लक्ष्यको १३ नम्बरको एजेन्डा । जलवायु परिवर्तनको प्रभावको सामना गर्ने उत्थानशीलता र अनुकूलन क्षमता सुदृढ गर्नका लागि सहकारीले निकै महत्वपूर्ण योगदान दिन सक्छ ।

जलवायु परिवर्तनले दिगो विकासका थुप्रै एजेन्डालाई प्रभाव पार्न सक्छ। गरिबी तथा भोकमरी अन्त्यको लक्ष्य लिइएको छ तर जलवायु परिवर्तनले पूरै गाउँ भोकमरीमा पार्न सक्छ । गरिबको संख्या बढ्न सक्छ । स्वास्थ्यमा डरलाग्दो अवस्था सिर्जना हुन सक्छ ।

हाम्रो वायुमण्डलमा कार्वनडाइअक्साइडको सान्द्रता सन् २०१८ मा ३ मिलियन वर्षकै सर्वाधिक बढी देखिएको थियो । विश्वका ११ प्रतिशत मानिस जलवायु परिवर्तनको प्रभावले समस्या भोगिरहेका छन् भन्ने विभिन्न अध्ययनले देखाइसकेको छ । सुख्खा, बाढीपहिरो, तातो हावा, समुद्र सतहको वृद्धिजस्ता संवेदनशील चुनौती सामना गर्न मानिस बाध्य भएका छन् । हामीले अझै पनि जलवायु परिवर्तनको सबैभन्दा

खराब प्रभावबाट बच्न धेरै कार्य गर्न सक्छौं । सुरक्षित भविष्य निर्माणका लागि सामूहिक पहल गर्न सक्छौं । यसका लागि हामीले सामूहिक पहल मात्र गरेर पुग्दैन हाम्रो गति द्रुत हुन पनि आवश्यक छ । जलवायु परिवर्तनको मुख्य कारण इन्धन हो जसको विकल्पमा स्वच्छ र नवीकरणीय ऊर्जाको प्रयोगमा हामीले जोड दिनुपर्छ । हामीले मानिस र प्रकृतिलाई अपरिहार्य परिवर्तनको अनुकूल बनाउन मद्दत गर्नुपर्छ ।

औद्योगिक क्रान्तिपछि मानव कार्यका कारण विश्वको तापक्रममा १ डिग्री सेल्सियस वृद्धि भएको छ । यो अझै बढ्दै छ । वैज्ञानिकले १.५ डिग्रीसेल्सियल तापमान वृद्धिले नै भायावह प्रभाव पार्ने अनुमान गरेका छन् । तापक्रम वृद्धिसँगै हिउँ पग्लने, समुद्र सतह बढ्ने, कतिपय टापु जलमग्न हुने अवस्थाको अनुमान भइरहेको छ। पानीको अभाव र बालीनाली असफलताका कारण खाद्यान्न अभावलगायत डरलाग्दो समस्या निम्तिनेछ ।

०३० सम्म १ दशमलव ५ डिग्री सेल्सियससम्म वार्मिङलाई सीमित राख्ने लक्ष्य लिइएको छ । यसका लागि विश्वकै सर्वाधिक ठूलो अभियान सहकारीसामु भूमिका खेल्नुपर्ने जिम्मेवारी आइपरेको छ ।

सदस्य केन्द्रीय व्यवसायका रूपमा रहेको सहकारीले महत्वपूर्ण योगदान गर्नुपर्ने अवस्था छ । स्थानीयस्तरमा मौसम परिवर्तन अनुकूलन तथा समुत्थान विकासमा सहकारी क्षेत्रको योगदान अपरिहार्य देखिएको समयमा यसअघि विश्वमा थुप्रै सहकारीले मौसम परिवर्तन अनुकूलन तथा समुत्थान विकासमा उदाहरणीय कार्य गरेका छन् । जुन उदाहरणबाट हामीले पनि केही सिर्जनशील र नवीन कार्य गरेर दिगो विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान दिन सक्छौं ।

क्यानडामा एउटा सहकारी छ । जसको नाम हो मोटो । यो कार सेयरिङ गर्ने सहकारी हो । जहाँ सदस्यलाई कारको मालिक बनाइन्छ। जसकारण उनीहरूले कारको लागत र पर्यावरणीय प्रभावबाट बच्छन्। मोटोका सदस्यले औसत १ हजार ४ सय किलोमिटर प्रतिवर्ष ड्राइभ गर्छन् जबकि अरूले औसत ६ हजारदेखि २४ हजार किमि ड्राइभ गर्छन् । वायु प्रदूषण रोक्न यो संस्थाले उदाहरणीय कार्य गरेको छ। त्यसैगरी, क्यानडाको एक काग्रो मजदुर सहकारीले अर्को उदाहरण प्रस्तुत गरेको छ । यो सहकारीले किराना सामानदेखि रेष्टुराँका भोजनसम्म काग्रो साइकलबाट पुऱ्याउने काम गर्छ । जसले जलवायु परिवर्तनमा मात्र योगदान दिएको छैन, दिगो विकासका अन्य लक्ष्यमासमेत टेवा पुऱ्याएको छ । अमेरिकाको एउटा ट्याक्सी मजदुर सहकारी युनियन छ । जसले हाइब्रिड कारको उपयोग गर्न सदस्यलाई प्रोत्साहन गरेको छ । यस्ता कारको ऊर्जा दक्षतामा सुधार गर्ने कामसमेत यो सहकारीले गरिरहेको छ । हाइब्रिड कार यतिबेला लोकप्रिय बन्दै गएको छ। त्यस्तै, युकेमा ब्रोकन स्पोक एक मल्टिस्टकहोल्डर सहकारीले साइक्लिङ, मर्मत, सुरक्षाका साथै साझा उपकरण, पाठ्यक्रम प्रदान गर्दै आएको छ ।

यातायातको प्रदूषण रोक्न यी सहकारीले गरेका योगदान महत्वपूर्ण छन् । उनीहरूले सदस्यलाई वातावरण जोगाउन प्रोत्साहन गर्ने, त्यसमा अभ्यस्त बनाउने काम गरेका छन् । कारसियरिङ गरेर थोरै यातायातबाट धेरै मानिसले सेवा लिएका छन् । यस्ता उदाहरणीय कार्य हामीले अनुसरण गर्नु जरुरी छ ।

त्यसैगरी, कृषि क्षेत्रमा पनि यस्ता उदाहरणीय सहकारी छन् । हामीले पनि यस्ता सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गर्नुपर्छ । जसका लागि सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ ।

स्विडेनको ल्यान्टमन्नेन कोअपरेटिभले कृषि कम्पनी स्थापना गरेको छ । यो सहकारीले स्विडेन र युरोपका बाँकी भागमा बाली अनुसन्धान विकास र मार्केटिङको प्रवर्द्धन गर्छ । जलवायु परिवर्तनसँगै बालीमा देखिएको अस्वाभाविक अवस्था अध्ययन गरी मौसम परिवर्तन समुत्थान विकासमा उसले योगदान दिइरहेको छ । यस्ता विषयमा हाम्रो पनि तत्काल ध्यान जानुपर्छ । नेपालका थुप्रै ग्रामीण भेगमा पानीका मुहान सुकेर गाउँ नै बसाइँ सर्नुपर्ने अवस्था सिर्जना भएको छ । यस्तो अवस्थालाई सम्बोधन गर्न समुदायलाई नै एकजुट गराउँदै यो परिवर्तित अवस्थालाई सामना गर्न सक्ने स्थिति सिर्जना गर्नुपर्छ ।

दक्षिण अफ्रिकाको हेविल्ड सहकारीले जलवायु परिवर्तन अनुकूलन कार्यक्रमको नेतृत्व गरेको पाइन्छ । नेपालमा पनि गरिमा किसान सहकारीले समयानुकूल तरकारी खेती गर्दै आयमा विविधता प्रदान गरेको छ । जसले स्थानीय जनतालाई जलवायु परिवर्तनबाट जोगिन भूमिका खेलेको छ । कुखुरा पालनका लागि पुनः लगानी गर्न समूह बचत योजना विकास गरी उनीहरूको आम्दानीमा विविधता ल्याएको यो सहकारी विश्वका लागि नमुना बन्न सफल भएको छ ।

कोपेडोटा सहकारीले ५० लाख ६० केजी बोरा उच्च ग्रेडको कफी उत्पादन गर्छ । यसले सामान्य प्रविधि प्रयोगबाट कफी सुकाउन थालेपछि ऊर्जा प्रबन्ध कार्यक्रमले बिजुलीको उपयोगमा ५० प्रतिशत कमी आएको एक अध्ययनले देखाएको छ । सन् २००९ मा यो विश्वकै पहिलो कार्वन न्यूट्रल कफी बनेको थियो । हाम्रो गाउँघरमा यस्ता थुप्रै कार्य छन् । समुदायमा ज्ञान आदानप्रदान गर्नुपर्ने अवस्था छ । त्यसका लागि पनि सहकारी मोडेल सबैभन्दा उपयुक्त औजार भएकाले यस्ता सहकारी स्थापनाका लागि सहज अवस्था सिर्जना गर्न सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्छ ।

जलवायु परिवर्तनमा यस्ता कार्य सहकारीले मात्र गर्न सक्छन् । किनकि यो सामाजिक व्यवसाय हो । सहकारीले आर्थिक उन्नतिको मात्र लेखाजोखा गर्दैन । पृथ्वीको आयु, मानिसको स्वास्थ्यलाई समेत नाफाका रूपमा हिसाबकिताब गरेर व्यवसाय गर्न सक्ने भएकाले पनि जलवायु परिवर्तनमैत्री विकासका लागि सहकारीले योगदान दिन सक्छ । अर्ग्यानिक फामिङ, नवीकरणीय ऊर्जालगायत क्षेत्रमा जलवायु परिवर्तनको प्रभावलाई सामना गर्न सदस्यको उत्थानशीलता र अनुकूलन क्षमता सुदृढ गराउने संयन्त्र प्रवर्द्धनमा

सहकारीले योगदान गर्ने भएकाले सरकारले सहकारीसँग यी विषयमा सहकार्य गर्न हिच्किचाउनु हुँदैन । यस्ता क्षेत्रमा सरकारबाट हुने लगानी सहकारीमार्फत जाने संयन्त्र निर्माणमा गरिनुपर्छ ।

अमेरिकाको अर्ग्यानिक उपत्यकाका सहकारी सदस्यले सिंथेटिक मलको प्रयोग हटाएका छन् । त्यसैगरी, जलवायु परिवर्तनमा सोलार सहकारीहरूले समेत महत्वपूर्ण योगदान दिँदै आएका छन् । जर्मनीको जिएलएस बैंक, ३० हजार सदस्य भएको क्रेडिट युनियन हो । यसले नवीकरणीय ऊर्जाका लागि कोष बनाएको छ । साथै, १९९५ देखि वायु ऊर्जामा समेत यसले कोष खडा गरेको छ । सहकारीले सदस्यलाई ध्यानमा राखेर व्यवसाय तथा क्रियाकलाप गर्ने भएकाले मानवलाई असर पर्ने कार्य यसले गर्दैन । सदस्यको सुस्वास्थ्य र समृद्ध जीवनको प्रत्याभूति दिइरहेका छन् । अहिले शिक्षा व्यापार भइरहेको समयमा समावेशी, समतामूलक, सर्वसुलभ गुणस्तरीय र व्यावसायिक शिक्षाका लागि सहकारीजस्तो अर्को उपयुक्त मोडेल हुनै सक्दैन । तर, नेपालमा सहकारी विद्यालय स्थापनाका लागि कानुनी अड्चन खडा गरिएको छ । यसलाई तत्काल सच्चाउनु जरुरी छ । त्यसैगरी, स्वच्छ तथा सफा पानी र सरसफाइ क्षेत्रमा सहकारी मोडेल अवलम्बन गर्ने, दिगो ऊर्जामा पहुँच विस्तारका लागि, सुरक्षित काम गर्ने वातावरण प्रत्याभूत गराउन पनि सहकारी मोडेललाई सरकारले अगाडि सार्नुपर्छ ।

नेपालको संविधानले सहकारीलाई समृद्ध मुलुक र दिगो विकासका लागि एउटा भरपर्दो माध्यमका रूपमा परिकल्पना गरेको छ । यसका लागि केन्द्रीय सरकार, प्रदेश र स्थानीय सरकारले मनन गरी सहकारीसँग सहकार्य गरेर अहिले देखिएको जलवायु परिवर्तनले ल्याउने समस्यासँग लड्न नीति बनाउनुपर्छ ।

विश्वभरका ऊर्जा सहकारी सदस्यहरूलाई सोलार, बायु, वायोग्यासलगायत माध्यमबाट नवीकरणीय ऊर्जा प्रदान गरिरहेका छन् । जुन दिगो पनि भएका छन् । सहकारीमा सदस्यको प्रजातान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता हुन्छ । जसका लागि कुनै पनि कार्य दिगो र प्रभावकारी रहन्छ । कसैको अनुदानमा चलेको कुनै पनि कार्य अनुदान र प्रोजेक्ट सकिएपछि ती कार्यले पनि सुस्तता आएको पाइन्छ । तर, सहकारीमार्फत गर्दा कार्य प्रगति हुँदै जान्छ ।

वन तथा कृषि सहकारीले दिगो व्यवस्थापन अभ्यासमार्फत शून्य कार्वन उत्सर्जनका उदाहरण प्रस्तुत गरेका छन् । त्यति मात्र होइन, आवास सहकारीले सुरक्षित, समावेशी, सर्वसुलभ आवास, सार्वजनिकस्थलमा पहुँच सुनिश्चित गरेका छन् । नेपालमै पनि सहकारीले प्लास्टिकको विकल्पमा सदस्यहरूबाट निर्माण गरिएका कपडाको सपिङ ब्याग तयार गरी बिक्री-वितरण गर्दा सदस्यको आयस्तरमा पनि वृद्धि हुने र वातावरणमा प्रभाव गर्ने देखिन्छ । कतिपय सहकारीले थोपा सिँचाइका लागि सदस्यलाई प्रोत्साहन गरी सामूहिक खेती गरिरहेका छन् । यी कार्यलाई सबै तहबाट थप प्रोत्साहन गर्न जरुरी छ ।

बचत तथा ऋणको कारोबार गर्ने सहकारीले नवीकरणीय ऊर्जामा स्थानीय खाद्य उत्पादनमा वित्तीय लगानी गरिरहेका छन् । नेपालमा बिमामा सहकारीलाई निषेध गरिएको छ । तर, विश्व सहकारी अभियान हेर्ने हो भने बिमा सहकारीले जलवायु परिवर्तनको सामना गर्न सक्ने अनुकूल सेवा प्रदान गरिरहेका छन् । सदस्यहरूलाई सहज रूपमा बिमा कार्यक्रममा सहभागी गराई ठूलो जोखिम न्यूनीकरणमा योगदान दिइरहेको पाइन्छ ।

उपभोक्ता सहकारीहरूले स्थानीय उत्पादनलाई उचित मूल्यमा यातायातको खर्च कम गरी सामान उपलब्ध गराइरहेका छन् । तर, नेपालमा सहकारी ऐनले सहकारीलाई सबै क्षेत्रमा जान सक्ने बाटो खोलिदिएको देखिए पनि करिब तीन दर्जनभन्दा बढी ऐन नियमले सहकारीलाई पहिचान दिन अस्वीकार गरेकै कारण नेपालमा बचत तथा ऋणका सहकारीको संख्या ठूलो हुन पुगेको पो हो कि ? फोहोर, पानी, स्थानीय बाटो व्यवस्थापनलगायत शिक्षा, स्वास्थ्य, आवास, बिमालगायत क्षेत्रमा सहकारीको सहज विस्तारका लागि ढोका खुला गर्ने मात्र होइन, जिम्मेवारी नै दिनुपर्छ । किनकि सहकारीले जलवायु परिवर्तनलाई सम्बोधन गर्न ७ सिद्धान्तलाई आत्मसात् गरेर सामूहिक प्रयास गर्न सक्छन् । खुला सदस्यता जलवायु परिवर्तनलाई सम्बोधन गर्न सामूहिक प्रयासका लागि खुला रूपमा प्रदर्शन गर्न सकिने महत्वपूर्ण सिद्धान्त हो । सदस्यहरूलाई जलवायु परिवर्तनका विषयमा चेतना प्रदान गर्न, यसमा सहभागी गराउन, प्रजातान्त्रिक नियन्त्रण पद्धति र आर्थिक सहभागिताले पनि ठूलो भूमिका खेल्छ । आमसमुदायले यस विषयमा चेतना प्रदान गरी, नीति बनाई व्यवसायमा हुने जोखिम कम गराई एकै पटक ठूलो जनसमुदायलाई प्रभाव पार्न सकिने भएकाले सहकारीलाई सबैले चुनेको हुनुपर्छ । मेरो टोलको समस्या बाहिरको मानिसलाई थाहा हुँदैन । मैले र मेरा छिमेकीले दिनानुदिन ती समस्या भोगिरहेका हुन्छौं । त्यसको समाधानका लागि म र मेरो छिमेकीले पहल गर्दा जति प्रभावकारी हुन्छ त्यो अरूबाट सम्भव हुँदैन । म र मेरो छिमेकीलाई एउटै सूत्रमा बाँध्ने काम गरेको हुन्छ सहकारीले । त्यसैले सहकारी व्यवसाय जलवायु परिवर्तनले पार्ने असरको पहिचान गर्न र त्यसको जोखिम न्यूनीकरण गर्ने अचुक उपाय हो ।

यसरी सेल्फ हेल्पको माध्यमबाट प्रभावकारी रूपमा यी चुनौती सामना गर्न सकिन्छ । अन्य संस्थासँग सहकारीले सहकार्य गरेर अगाडि बढ्न सक्ने अवस्था रहन्छ । स्थानीय स्तरदेखि अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आफ्नो नेटवर्कमार्फत यसले सहकार्य गर्न सक्छ । क्षमता, सीप, ज्ञान र प्रविधि आदानप्रदानमा सहकारी मजबुद माध्यम हो । सहकारीले कुनै पनि काम गर्दा समाज र स्रोत साधनमा असर नपर्ने गरी गर्न सक्छ । त्यसैले यसलाई सामाजिक व्यवसाय भनिएको हो ।

# सदस्य परिचय

# कफी सहकारी संघ लिमिटेड ललितपुर

**पृष्ठभूमि:**

'कफी सहकारी संघ लिमिटेड ललितपुर' ०६५ साल साउन २८ गते तत्कालीन डिभिजन सहकारी कार्यालय ललितपुरमा जिल्लाका ८ वटा प्रारम्भिक कफी उत्पादक सहकारी संस्थाको जिल्लास्तरीय संघका रूपमा दर्ता भएको हो । संघका सदस्य सहकारीमा आबद्ध ३ सय ७५ जना कफी उत्पादक कृषक सदस्यले प्रांगारिक पद्धतिमा उत्पादित कफीलाई सहकारीको माध्यमबाट व्यवस्थित र पारदर्शी रूपमा स्वदेश तथा विदेशमा बिक्री-वितरण गर्नु संघको मुख्य कार्य हो। कप, हेल्भेटासको सहयोगमा सन् २००७ बाट सुरु गरिएको प्रांगारिक प्रमाणीकरणको प्रक्रिया, आन्तरिक नियन्त्रण प्रणालीबाट सन् २०१० मा अस्ट्रेलियाको NASAA बाट प्रांगारिक प्रमाणपत्र प्राप्त गरेपछि सोही वर्षबाट संघले जर्मनीको GEPA The Fair trade Company सँग स्थापित गरेको व्यावसायिक सम्बन्धले हालसम्म निरन्तरता पाइरहेको छ । जर्मनीमा मात्र नभई कोरिया, स्विट्जरल्यान्ड र नेदरल्यान्डमा समेत कफी निर्यात गर्ने गरिन्छ । नेपालमा पनि दिनानुदिन कफी पारखीको संख्या बढ्दै गएकाले ठूलो परिमाणमा नेपाली कफी स्वदेशमै खपत हुन थालेको छ ।

**संघ स्थापनाको उद्देश्य:**

- सदस्यहरूबीच सहकारीको भावना जगाउँदै गुणस्तरीय कफी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
- साना किसानद्वारा उत्पादित कफी एकत्रित गरी सहज र सरल बजार पहुँचमार्फत उचित मूल्य भुक्तानी गर्ने ।
- अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रांगारिक प्रमाणीकरण गर्ने निकायबाट कफी प्रांगारिक प्रमाणीकरण गर्ने ।
- गरिबी उन्मूलनको विश्वव्यापी आन्दोलनका रूपमा लिइएको स्वच्छ व्यापार (Fair Trade) र सहकारीको मूल्य-मान्यता र सिद्धान्तअनुसार व्यवस्थित र पारदर्शी रूपमा कफी प्रशोधन र बजारीकरण गर्ने ।



- पर्यावरण संरक्षण गरी भूक्षय रोकथाममा सहयोग गर्ने ।
- दलित, जनजाति, महिला, पिछडिएका वर्गलाई सहकारी कफी खेतीमा आबद्ध गराई नेतृत्व विकासमा समेत सहयोग गर्ने ।
- कृषक सदस्यलाई व्यावसायिक बनाउन आवश्यक आर्थिक, भौतिक सहयोगका लागि स्थानीय निकाय, सहयोगी संघसंस्थासँग पैरवी गर्ने ।
- समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी र गैरसरहारी संस्थासँग सुमधुर सम्बन्ध कायम गर्ने ।

**यस संघमा आबद्ध सदस्यको विवरण**

| क्र.सं. | प्रारम्भिक सहकारीको नाम | ठेगाना | सदस्य संख्या | संघमा प्राप्त पार्चमेन्ट कफी (के.जी.) २०७५।०७६ |
|---|---|---|---|---|
| १. | सगरमाथा कफी उत्पादक सहकारी संस्था लि. | महांकाल-५ | ७५ | ३,४७२.३०० |
| २. | रातो गुराँस प्रा. कफी उत्पादक सहकारी संस्था लि. | महांकाल-६ | ५६ | १,५०५.३०० |
| ३. | लेकाली प्रा. कफी उत्पादक सहकारी संस्था लि. | महांकाल-६ | ४५ | २,९८३.६०० |
| ४. | दुर्लुङ्ग जैविककफी उत्पादक सहकारी संस्था लि. | महांकाल-६ | ४८ | १,६०७.६०० |
| ५ | उच्च पहाडी कफी उत्पादक सहकारी संस्था लि. | वाग्मती-७ | ४४ | १,१५१.३०० |
| ६. | गुणस्तरीय कफी उत्पादक सहकारी संस्था लि. | वाग्मती-७ | ४२ | १०५.३०० |
| ७. | अरविका प्रा. कफी उत्पादक सहकारी संस्था लि. | वाग्मती-६ | ३० | - |
| ८. | मध्ये पहाडी कफी उत्पादक सहकारी संस्था लि. | वाग्मती-४ | ३५ | २९३.५०० |
| जम्मा | | | **३७५** | ११,११८.९०० |

**संघको कार्यक्षेत्र :**

यस कफी सहकारी संघ लि. ललितपुरको कार्यक्षेत्र ललितपुर जिल्लाभरि भए पनि कफी उत्पादनको उपयुक्त भूबनोवटको हिसाबले महांकाल



गाउँपालिका-५ र ६ र बागमती गाउँपालिका-४, ६ र ७ मा कफी खेतीको प्रचुर सम्भावना रहेको छ ।

**संघको वर्तमान अवस्था :**

विश्वमा पेट्रोलियम पदार्थभन्दा पछि दोस्रो ठूलो कारोबार हुने वस्तु कफी राट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा तीव्र रूपमा माग हुँदै गएको पेय पदार्थ हो । संघले उत्पादन गरेको कफीले विश्वबजारमा **Speciality Coffee** को मान्यता प्राप्त गर्न सफल भएको छ । तर, अपशोच संघको वार्षिक उत्पादन घट्दो क्रममा छ । कफीमा लाग्ने सेतो गवारोको प्रकोप न्यूनीकरण गर्न नसक्नु, रातो सिन्दुरे रोग प्रकोपका रूपमा फैलनु, सिँचाइको उचित व्यवस्था हुन नसक्नु उत्पादन घट्नुका मुख्य कारण हुन् ।

**वित्तीय तथा आर्थिक अवस्था**

(क) शेयर पुँजी : १६,८०,०००/-
(ख) जगेडा तथा अन्य कोष : ४३,२४,१५८/३५
(ग) पुँजीगतअनुदान : ५५,२९,०७१/०५
(घ) बाह्य ऋण : २०,००,०००/-
(सहकारी बैंक लि. १३,००,०००/)
(ङ) चालु दायित्व : १,९१,४१८/८०
(च) सम्पत्ति सामान : ७२,६२,६२१/७७
(छ) नगद तथा बैंक मौज्दात : १५,४५,४५३/९८
(ज) पाउनुपर्ने हिसाब
(पेस्की, उधारो बिक्री, धरौटी): ३६,८८,०५२/८०
(झ) लगानी हिसाब : २,२५,७१९/६५
(ञ) स्टक कफी : १०,०२,८००/००
(ट) कफी खरिद : ४८,५९,५७३/०२
(ट) कफी बिक्री : ७५,०५,३८१/६०

**तालिम तथा शिक्षा कार्यक्रममा सहभागिता**

- Beautiful coffee Nepal बाट आयोजित थाइल्यान्ड कफी अवलोकन भ्रमणमा संस्थाका अध्यक्षको सहभागिता ।
- युरोपियन युनियनको सहयोगमा सञ्चालित **हाम्रो कफी परियोजना**बाट आयोजित कफी खेती भ्रमणमा सहभागिता
- राष्ट्रिय सहकारी बैंकद्वारा आयोजित विभिन्न सहकारी गतिविधिमा सक्रिय सहभागी
- राष्ट्रिय सहकारी महासंघद्वारा आयोजित सदस्यता केन्द्रीयता सूचकांक प्रणालीसम्बन्धी तालिममा सहभागी ।
- स्वच्छ व्यावसायिक समूह नेपालद्वारा आयोजित विभिन्न तालिम तथा कार्यशाला गोष्ठीमा सहभागिता ।
- जिल्ला सहकारी संघद्वारा आयोजित विभिन्न सहकारी गतिविधिमा सहभागी ।

**चुनौती तथा समस्या :**

(क) निजी व्यापारीसँगको कफी खरिद मूल्यमा अस्वस्थ प्रतिस्पर्धा गर्नुपर्ने ।

(ख) उत्पादन घट्दै गएको अवस्थामा प्रांगारिक प्रमाणीकरण, निर्यात, प्रशोधन खर्च उच्च हुन पुगेको छ ।

(ग) कफी उत्पादन क्षेत्रका ग्रामीण बस्तीबाट सहरतर्फ बसाइँसराइ गर्ने क्रमको निरन्तरता र युवाशक्तिको विदेश पलायनले कफी खेतीमा श्रमशक्ति अभाव हुनु ।

**सम्भावना र अभ्यास :**

- सिँचाइको उचित व्यवस्था, रोग किरा नियन्त्रणका लागि निरन्तर प्रयास, कफी बिमाको नीति कार्यान्वयन र बैंकबाट कफी खेतीका लागि कम्तीमा १० वर्षे कृषिकर्जाको व्यवस्था भएमा हालको १२ टनको कफीको उत्पादनलाई चार गुनासम्म वृद्धि गर्न सकिने ।

**भावी कार्यक्रम :**

- उत्पादन वृद्धिका लागि सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गर्ने ।
- राष्ट्रिय सहकारी बैंकसँग लिने कर्जालाई कृषि परियोजना कर्जाका रूपमा उत्पादक सहकारी संस्थामार्फत सदस्य कृषकसम्म सहज रूपमा पुर्‍याउन सहजीकरण गर्ने ।
- राष्ट्रिय सहकारी बैंकले आयोजना गर्ने विभिन्न तालिम, अन्तर्क्रिया, तथा गोष्ठीमा सहभागी हुने र बैंकलाई उत्पादक सहकारी संघसंस्थालाई ध्यानमा राखेर प्रवर्धन र विकासका कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्ने ।

# सदस्य परिचय

## त्रियुगा सहकारी संस्था लिमिटेड फत्तेपुर, सप्तरी




नेपालको प्रदेश २, सप्तरी जिल्लामा अवस्थित त्रियुगा सहकारी संस्था जिल्लाकै उदाहरणीय बनेको छ। ०२९ सालमा २५ जनाको समूहबाट ५१ रुपैयाँका दरले संकलन गरी साझा संस्थाको नामबाट बचतको थालनी गरे पनि यस सहकारी ०३३ असोज २८ मा सहकारी विभागमा विधिवत् रूपमा त्रियुगा साझा संस्थाको नाममा दर्ता भएको हो। उदयपुर र सप्तरी जिल्लालाई छुट्याउने सीमाका रूपमा रहेको त्रियुगा खोलाको नाममै यस सहकारीको नामकरण गरिएको हो। दर्तापश्चात् झन् आफूलाई गतिशील रूपमा अगाडि बढाउँदै स्थानीयको मन जित्न सफल मात्र भएन ५ जनाको समूहबाट सुरु गरेको यस सहकारीको शेयर सदस्य संख्या २५१५ पुगेको छ।

सहकारीको कुल पुँजी ३२,६४,४२,३०६ रहेको छ भने ऋण लगानीमा पनि २७,७०,६१,७८१ छ। त्यस्तै, जगेडाकोषमा १,१९,९०,४१२ छ भने अन्य कोषमा २,२८,९५,०६२ रहेको संस्थाले ०७५/०७६ मा ८६ लाख फाइदा गरी कृषक र शेयर सदस्यलाई लाभांशसमेत वितरण गरेको छ। संस्थाको सञ्चालक समितिमा ६ जना पुरुष र ३ जना महिला रहेका छन्। ९ जनाकै सल्लाहकार समिति सदस्य, ३ जनाको बिमा उपसमिति तथा ३ जनाको खरिद-बिक्री उपसमिति बनेको छ। त्यस्तै, ३ जना ऋण वितरण उपसमितिमा छन्। संस्था सञ्चालनमा ३१ जना कर्मचारी रहेको यस संस्थाको कार्यक्षेत्र सप्तकोसी नगरपालिका र कञ्चनरूप नगरपालिका रहेको छ। संस्थाका पायक पर्ने ठाउँ घोघनपुर, बलार्दह, भगनी र फत्तेपुर गरी चार ठाउँमा सेवा केन्द्र रहेको छ। आफ्ना शेयर सदस्यका निम्ति धेरै प्रभावकारी काम गर्न सकियोस् भनेर यस सहकारीले कृषक हित कोष, दुग्ध विकास कोष शेयर लाभांशजस्ता कोष खडा गरेको छ। वार्षिक साधारणसभामा आर्थिक प्रतिवेदन पेस गर्ने सदस्यको जायज कुरालाई अंगीकार गर्दै आफूलाई निकै पारदर्शी पनि बनाएको छ। गतिशील, सेवामुखी, पारदर्शिता, प्रभावकारी योजना र सफल कार्यान्वयन यस सहकारीको विशेषता हो। त्यसैले ०७३/०७४ मा आन्तरिक राजस्व कार्यालय सप्तरीबाट जिल्लाकै धेरै कर तिर्ने संस्थाबाट सम्मानित भएको छ। यति मात्र होइन, राष्ट्रिय सहकारी बैंक लिमिटेडको १५औं वार्षिक साधारणसभाको अवसर पारी यस सहकारीलाई सहकारी विकास प्रवर्द्धन र सामाजिक रूपान्तरणमा पुर्‍याएको योगदानको मूल्यांकन गर्दै उत्कृष्ट प्रादेशिक सदस्य पुरस्कारबाट सम्मानसमेत गरिएको छ। यी केही दृष्टान्त मात्रै हुन्, यस्ता धेरै सम्मान पाएको यस सहकारीले कैयौं स्थानीय स्तरमा चर्चा बटुलेको छ।

**यस सहकारीले विभिन्न शीर्षकमा बचतका प्रकार सञ्चालनमा ल्याएको छ।**

१) साधारण बचत खाता
२) दैनिकी बचत
३) खुत्रुके बचत खाता
४) आवधिक बचत खाता
५) बाल बचत खाता
६) महिला समूह बचत खाता :

बचतका साथै आफ्ना कृषक शेयर सदस्यको हितको आवश्यकताअनुसार बिउ, मल कीटनाशक औषधि र खनजोतका लागि ट्र्याक्टरको पनि व्यवस्था गरेको छ। यस सहकारीको आफ्नै गोदाम र ५००० मे.टन. क्षमता भएको र ३००० लि. को चिस्यान भ्याट पनि छ। शेयर सदस्यका लागि उत्पादनमूलक कार्य र व्यावसायिक क्षेत्रमा सहज र सरल तरिकाबाट ऋण प्रदान गर्दै आएको कृषक सुजन अधिकारी बताउँछन्। यसै संस्थाबाट एक लाख ऋण लिई कुखुरा पालन सुरु गरेर अहिले १७ लाखको लगानी पुर्‍याएका छन् भने यसै पोल्ट्री फर्मबाट मनग्य आम्दानी गरेका छन्।

अर्का कृषक शिवनारायण चौधरी जो कञ्चनरूप नगरपालिका-७ का स्थानीय बासिन्दा हुन्। उनी पनि यसै संस्थाबाट ३ लाख ऋण लिई १ बिघाबाट तरकारी खेती गरी आर्थिक वृद्धि गर्ने कृषक हुन्। सहकारीबाटै ऋण लिई बेमौसमी खेती (त्यसमा पनि खास करेला खेती) गर्दै आएका रामधनी महतो पनि कञ्चनरूप नगरपालिका- ७ का स्थानीय हुन्। उनले १८ कट्ठामा तरकारी खेती गर्दै मनग्य कमाइ गर्दै आएका छन्।

टेलर्स सञ्चालन गर्दै आएका मोहम्मद लुकमान कञ्चनरूप नगरपालिका-६ घोघनपुरका स्थानीय हुन्। यिनले पनि यसै सहकारीबाट ६० हजार रुपैयाँ ऋण लिएर टेलर सञ्चालन गरेका थिए। अहिले यसै व्यवसायबाट १२ जनाको परिवार पाल्दै आएका छन्।

केही यस्ता व्यवसायी पनि छन् जसले यसै सहकारीबाट माछापालक कृषकले धेरै अनुदान लिई व्यवसाय सञ्चालन गरेका छन्।

मूलतः दुग्ध विकास र यसबाट बन्ने परिकारका निम्ति परिचित यस सहकारीले ९ सय जना किसानबाट दुग्ध परिकार



खरिद गर्दै आएको छ । यसो हुँदा त्यहाँका किसानले उत्पादित दुग्ध परिकार कहाँ बेच्ने र उचित मूल्य पाउने भन्ने समस्या व्यहोर्नु पर्दैन । यस संस्थाले पशुपालकलाई आवश्यक खाद्य पदार्थ जस्तै : चोकर, गाईको दाना, मकैको पिठोजस्ता सामान उपलब्ध गराउँदै आएको छ । सप्तरी नगरपालिका-१ की विष्णुमाया विष्टले दैनिक ६ लिटर दूध बेच्दै आएकी छन् । सप्तरी नगरपालिकाकै वडा नम्बर ४ बलार्द का स्थानीय हीरानन्द तिम्सिनाले १८ वर्षदेखि दैनिक ५ लिटर दूध बेच्दै आएका छन् । यसैगरी सप्तरी नगरपालिका-११ की कमला सिग्देल दाहालले ५ वर्षदेखि दैनिक ४ लिटर दुग्ध परिकार यस सहकारीलाई बिक्री गर्दै आएकी छन् । र, सहकारीले किसानबाट दुग्ध परिकार खरिद गरी कृषकलाई यस पेसालाई निरन्तरता दिन प्रोत्साहन गर्दै आएको छ । यस सहकारीको आफ्नै डिपार्टमेन्ट स्टोर पनि छ । जहाँ यस संस्थाबाट उत्पादित दुग्धजन्य परिकार दही, घ्यू, नौनी, पनिर, छुर्पी, चिज र ललिपपको अलावा अन्य मानवोपयोगी खाद्यान्नलगायत आवश्यक उपभोग्यवस्तु सुपथ मूल्यमा पाइन्छ । यस सहकारीबाट उत्पादित दुग्ध र दुग्धजन्य परिकार अखाद्य पदार्थ मिसावटरहित, शुद्ध स्वादिलो र स्वस्थकर भएको हुनाले स्थानीयस्तरमा निकै यसको माग बढेको छ । यस सहकारीले दुग्ध परिकार बनाइसकेपछि बाँकी रहेको दूध बेच्ने गरेको छ । कञ्चनरूप नगरपालिका-२ बरमझिया छोटलाल गुप्ताको पेडा पसललगायत सात/आठ वटा पसलमा दूध बिक्री गर्ने गरेको छ । यस सहकारीले दैनिक १००० लि. दूध बिक्री गर्दै आएको छ ।

यस्तैगरी, सप्तकोसी नगरपालिका-१ का चिया पसल सञ्चालक विमल कार्कीले पनि यसै सहकारीबाट १० वर्षदेखि दैनिक १४ देखि २० लिटरसम्म दूध खरिद गर्दै आएका छन् । जसबाट स्थानीयलगायत आगन्तुकलाई फत्तेपुरभरिकै सबैभन्दा स्वादिष्ट चिया खुवाई आफ्नो पसललाई परिचित गराएका छन् ।

यस सहकारीको शेयर सदस्य लाभान्वित कार्यक्रममध्ये ट्र्याक्टर सेवा एक नौलो र प्रत्यक्ष प्रभावकारी लाभान्वित कार्यक्रम हो । समयमा ट्र्याक्टर नपाउने र पाए पनि चर्को मूल्य तिर्नुपर्ने झन्झटबाट मुक्त गराउन यस संस्थाले ट्र्याक्टर खरिद गरी १५०० प्रतिघण्टा वर्षामा र हिउँदमा १२०० प्रतिघण्टा लिने गरेको छ भने शेयर सदस्यलाई १५ प्रतिशत छुटको व्यवस्था छ । सहकारीको यस नौलो अनि प्रभावकारी किसिमको कार्यक्रमले त्यहाँका किसान लाभान्वित हुँदै आएका छन् । लाभान्वित कार्यक्रममध्ये अर्को एउटा महत्वपूर्ण कार्यक्रम हो, एम्बुलेन्स सेवा । त्यहाँ ठूला अस्पताल नभएका र अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्सको अभावमा त्यहाँका स्थानीयले समयमा उपचार नपाएर कैयौं बिरामीले अकालमै मृत्युवरण गर्नुपरेको छ । स्थानीय बासिन्दाको जीवनरक्षा आफ्नो सामाजिक दायित्व ठानी ०७० सालबाट एम्बुलेन्स सञ्चालनमा ल्याएको छ । सहकारीको शेयर सदस्यलाई भने १५ प्रतिशत छुटको व्यवस्था गरिएको छ । त्यस्तै, सेफ्टी ट्यांकी सरसफाइ पनि अर्को लाभान्वित कार्यक्रम हो । यस सहकारीको क्षेत्रभित्र सेफ्टी ट्यांकी नहुँदा दुर्गन्धित हुँदै गएको र ढल, शौचालयजस्ता सरसफाइ यस क्षेत्रको ठूलो समस्या थियो । स्थानीयको समस्या र स्वास्थ्यलाई ध्यानमा राखेर यस सहकारीले सेफ्टी ट्यांकी पनि सञ्चालनमा ल्याएको छ । किसानको सहजतालाई ध्यानमा राख्दै दूध संकलन डिपो ५ ठाउँमा राखेको छ । किसानले आफ्नो नजिकको डिपोमा दूध खाद्यमल, बिउ, पशु आहारा खरिद गर्न सक्छन् । त्यस्तै, दूध कृषकलाई प्रतिलिटर ४ रुपैयाँका दरले वार्षिक रूपमा बोनस वितरण पनि गर्दै आएको छ भने प्रतिलिटर १ रुपैयाँ कृषक हित कोषमा जम्मा गर्दै आएको छ । हालसम्म उक्त कृषक हित कोषमा ४१ लाख ६६ हजार ४ सय ४७ रुपैयाँ जम्मा भइसकेको छ । पशुपालक तथा कृषकको लागि आहार, मल बिउबिजन वितरणा गर्दै आएको छ । पशु बिमाको व्यवस्था पनि गरिएको छ । उन्नत जातको साँढेसमेत किनिदिएको छ ।

यस सहकारी सदस्यका छोराछोरीमध्ये एसईईमा उत्कृष्ट हुने १ छात्र र १ छात्रालाई १५ हजारका दरले छात्रवृत्ति प्रदान गर्दै आएको छ । हालसम्म ३४ छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरिसकेको छ । यस संस्थाको कुनै पनि शेयर सदस्य वा उनीहरूको परिवारको दुर्घटना वा मृत्यु भए यस संस्थाले २५ हजारका दरले आर्थिक सहयोग गर्दै आएको छ । हालसम्म २ जनाले आर्थिक सहयोग लिइसकेका छन् । यस सहकारीको शेयर सदस्यको बच्चा जन्मिए उक्त बच्चाको नाममा सहकारी स्वयंले बाल बचत खाता खोली ५ सय रुपैयाँ जम्मा गरिदने र उक्त बच्चालाई एक जोडी कपडा र आमालाई हर्लिक्स तथा फलफूल दिने व्यवस्था छ । हालसम्म १४ जना बच्चा र आमा यसमा लाभान्वित कार्यक्रमबाट लाभान्वित भइसकेका छन् । यस संस्थाले प्रत्येक साधारणसभामा उपस्थित सदस्यलाई ५ सय रुपैयाँका दरले यातायात खर्च प्रदान गर्दै आएको छ ।

**सहकारीका आगामी योजना**

- तीन महिनाभित्र अर्को ट्र्याक्टर थप्ने ।
- हाल भएको १ तले डिपार्टमेन्टलाई प्रत्येक वर्ष एक एक तला थप गर्दै ४ वर्षभित्र ५ तलाको बनाउने ।
- बेरोजगार जनशक्तिलाई रोजगार प्रदान गर्नेजस्ता योजना र सहकारीलाई नाफामुखी मात्र नभई सेवामुखी बनाउने ।
- कृषि क्षेत्रलाई प्राथमिकतामा राखी अर्गानिक तरकारी, फलफूल, शुद्ध दूध र दुग्धजन्य परिकार वृद्धि गरी मुलुकलाई दुग्ध र यसबाट बन्ने परिकारबाट आत्मनिर्भर बनाउने ।
- देशको अर्थतन्त्र बाहिर जानबाट रोकी आमनेपाली जनताका भरपर्दो र विश्वासिलो सहकारी बनाउने ।

# महोत्तरीमा नीति तथा कार्यविधि निर्माण कार्यशाला




महोत्तरी । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग तथा हेफर इन्टरनेसनलको वित्तीय सहयोग र पशुपतिनगर सामाजिक उद्यमी महिला सहकारी संस्था लि. बर्दिवास-९ महोत्तरीको आयोजनामा बर्दिवास नपा-९ पशुपतिनगरमा सञ्चालित नीति तथा कार्यविधि निर्माणसम्बन्धी तीनदिने कार्यशाला असोज २ गते सम्पन्न भएको छ । पशुपतिनगर सामाजिक उद्यमी महिला सहकारी संस्थाका सचिव तारादेवी महतोको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा स्थानीय जनप्रतिनिधि रामवृक्ष महतो, समाजसेवी विशुनदेव महतो, अनिलकुमार महतो, हेफर इन्टरनेसनलका वरिष्ठ कार्यक्रम अधिकृत मिथिलेस झा र राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत तथा प्रशिक्षक सूर्यप्रसाद रिमालको आतिथ्यता रहेको थियो । समापन कार्यक्रममा स्थानीय जनप्रतिनिधि तथा समाजसेवीले ग्रामीण भेगमा सञ्चालित सहकारीको विकासमा हेफर तथा सहकारी बैंकले गरेको सहयोगको सराहना गर्दै नगरपालिका तथा स्थानीय सबैले सहकारीमार्फत उद्यमशीलताको प्रवर्द्धन गर्न सहयोग गरिरहेको बताए ।

सो कार्यशालामा पशुपतिनगर सामाजिक उद्यमी महिला सहकारी संस्थाका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्षा उपसमिति, कर्मचारी तथा सक्रिय सदस्यसहित ३० जनाको सहभागिता थियो । उक्त सहकारीका लागि आवश्यक सदस्यतासम्बन्धी नीति, सञ्चालकसम्बन्धी नीति, साधारणसभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्धीकरण निवारण नीति, व्यवसाय विकास तथा बजारीकरण नीति निर्माण तथा अन्य आवश्यक नीतिको निर्माणका साथै वित्तीय परामर्श तथा संस्थाको विनियम संसोधनका लागि समेत सहजीकरण गरिएको ३ दिने कार्यशालाको सहजीकरण राष्ट्रिय सहकारी बैंकका तालिम विभाग अधिकृत सूर्यप्रसाद रिमालले गरेका थिए ।

# मोरङ्गमा अन्तरक्रिया कार्यक्रम

मोरङ । बैंकको विराटनगर शाखा कार्यालयको आयोजनामा मोरङ जिल्लाको बूढीगंगा गाउँपालिका बैंक सेवा विषयमा एकदिने अन्तक्रिया कार्यक्रम असोज ८ गते सम्पन्न भएको छ । राजसती महिला बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा सञ्चालन भएको उक्त कार्यक्रममा बूढीगंगा गाउँपालिकामा सञ्चालनमा रहेका ३० वटा सहकारी संस्थाका ४० जना प्रतिनिधिको उपस्थिति थियो । उक्त कार्यक्रममा बैंकले दिने सेवा-सुविधा तथा भावी रणनीति र बैंकबारे उठेका जिज्ञासाबारे विराटनगर शाखा प्रमुख प्रभु पोखरेलले प्रस्ट पारेका थिए । अन्तक्रिया कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष तारादेवी राई र स्वागत मन्तव्य विराटनगर शाखा समन्वय समितिका सदस्य तुलसा विष्टले व्यक्त गरेका थिए । उक्त कार्यक्रममा सहभागी सहकारीका प्रतिनिधिले बूढीगंगा गाउँपालिकामा सहकारी बैंकको एक्सटसन काउन्टरको माग पनि गरेका थिए । उक्त कार्यक्रममा सहभागी सबै सहकारीले एक महिनाभित्र बैंकको सदस्यता लिई बैंकसँग नियमित कारोबार गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए ।

# विदेशी पाहुनाबाट बैंक अवलोकन



NCC-National Cooperative Council of Sri Lanka का General Secretary/ Assistant General Manager Dr. Asanka Thilakarathna ले बैंक केन्द्रीय कार्यालयमा असोज ८ गते अवलोकन गरेका छन् । उनलाई निमित्त प्रमुख कार्यकारी अधिकृत हरिकृष्ण सापकोटालगायत विभागीय प्रमुखले स्वागत गरेका थिए भने प्रबन्धक रामबाबु आचार्यले बैंकको वर्तमान अवस्था, वित्तीय स्थिति तथा कार्यक्रमको विषयमा जानकारी गराएका थिए । साथै, भविष्यमा बैंक र NCC बीच विभिन्न कार्यक्रमको समन्वय हुन सक्ने विषयवस्तुको छलफल भएको थियो ।

# धनुषामा कर्जा तथा जोखिम व्यवस्थापन तालिम

धनुषा । राष्ट्रिय सहकारी बैंकको जनकपुरधाम शाखाको आयोजनामा जनकपुरधाम-४ अवस्थित जिल्ला समन्वय समिति, धनुषाको सभाहलमा कर्जा तथा जोखिम व्यवस्थापनसम्बन्धी ३ दिने तालिम असोज ९ गते सम्पन्न भएको छ । जनकपुरधाम शाखा समन्वय उपसमितिका संयोजक सञ्जयकुमार साहको अध्यक्षतामा सम्पन्न तालिम समापन कार्यक्रमको सञ्चालन शाखा प्रमुख सन्तोष ढकालले गरेका थिए । उक्त कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख रामदेव बनरैत यादवको प्रमुख आतिथ्यता थियो । यसैगरी, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य ध्रुवनारायण यादव, समाजसेवी उमेश साह तथा तालिम अधिकृत सूर्यप्रसाद रिमालको आतिथ्यता थियो । कार्यक्रममा जिसस प्रमुख यादवले स्थानीय पालिकासँग समन्वय गर्दै सहकारी क्षेत्रलाई प्राथमिकतासाथ लैजाने प्रतिबद्धता व्यक्त गरे । बैंकका सञ्चालक यादवले तालिममार्फत सहभागीको क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गरे । यसैगरी, बैंक स्तरीकरणलगायत बैंकका सम्पूर्ण सेवा उपभोग गर्न सहभागी संघसंस्थालाई सक्रियतासाथ लाग्न आग्रह गरे । यसैगरी, संयोजक साहले सहभागीलाई विजयादशमी तथा शुभ दीपावली एवं छठ पर्वको शुभकामना व्यक्त गरेका थिए । तालिममा सहकारीमा ऋणको सदुपयोगिता, ऋण लगानी प्रक्रिया, ऋण जोखिम व्यवस्थापन, ऋण व्यवस्थापनमा सञ्चालक, उपसमिति तथा कर्मचारीको भूमिकाका विषयमा ३ दिनसम्म विस्तृत रूपमा जानकारी भएको सहभागीहरूबाट प्रतिक्रिया प्राप्त भएको थियो । जनकपुर शाखा अन्तर्गत ३० वटा सहकारीका ३५ जना सहभागी रहेको सो ३ दिने तालिमको सहजीकरण राष्ट्रिय सहकारी बैंकका तालिम विभागका अधिकृत सूर्यप्रसाद रिमाल र शाखा प्रमुख सन्तोष ढकालले गरेका थिए ।



# तनहुँमा कर्जा व्यवस्थापन तालिम

तनहुँ । राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाको आयोजनामा दुईदिने कर्जा व्यवस्थापन तालिम असोज ५ गते सम्पन्न भएको छ । उक्त तालिमको प्रशिक्षकका रूपमा दमौली शाखा कार्यालय प्रमुख उपेन्द्र दाहाल र तालिम विभागका कर्मचारी अधिकृत नारायण बेलबासे रहेका थिए । तालिममा ३१ जना सहकारीका ऋण व्यवस्थापक कर्मचारीलगायत कर्जा उपसमितिका पदाधिकारी सहभागी थिए ।

उक्त तालिम समापन कार्यक्रमको अध्यक्षता जिल्ला सहकारी संघका अध्यक्ष श्रीप्रसाद भट्टराईले गरेका थिए । ब्यास नगर उपप्रमुख मीरा जोशीले कार्यक्रममा उपस्थित सहकारी संस्थाका प्रतिनिधिलाई प्रमाणपत्र हस्तान्तरण गर्दै यस्ता कार्यक्रमबाट सहकारीको क्षमता वृद्धि भई सहकारी संस्थाको विकासमा महत्वपूर्ण योगदान पुग्ने कुरामा दुईमत नभएको स्पष्ट पारेकी थिइन् । सहभागीहरूको तर्फबाट मिलन पौडेलले यस्ता कार्यक्रम सहकारी बैंकले नियमित सञ्चालन गर्दा सहकारीको क्षमता वृद्धि हुने र कार्यक्रम धेरै प्रभावकारी भएको जानकारी गराएका थिए ।




# राजविराजमा योजना तर्जुमा तथा बजेट निर्माण तालिम

सप्तरी । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय राजविराजको आयोजनामा असोज ९ र १० गते सञ्चालित योजना तर्जुमा तथा बजेट निर्माण तालिम सम्पन्न भएको छ । सप्तरी जिल्लाका २३ सहकारी संस्थाका २७ जनाको सहभागिता रहेको सो तालिम समापन समारोहमा प्रमुख अतिथि बैंकका सञ्चालक विश्वनाथ मण्डलले सहभागीलाई प्रमाणपत्र वितरण गरेका थिए । अनिलवीर बज्राचार्यले तालिमको सहजीकरण गरेको कार्यक्रमको सञ्चालन बैंकको राजविराज शाखा प्रमुख विष्णुप्रसाद पराजुलीले गरेका थिए ।



# 'सहकारीको पैसा सहकारीमै जम्मा गरौं'




बागलुङ । बागलुङका सहकारीकर्मीले सहकारी क्षेत्रमा भएको रकम सहकारीमै परिचालन गर्न जोड दिएका छन् । राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाले विजयादशमी, दीपावली, नेपाल सम्वत् तथा छठ पर्वका अवसरमा असोज १५ गते आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमका सहभागीले यस्तो बताएका हुन् । सहकारीमा जनताले पैसा जम्मा गरेका छन् त्यो पैसालाई बढीभन्दा बढी प्रतिफल प्राप्त हुने गरी सहकारीकै बैंक तथा संघमा रकम राख्नका लागि सहभागीले आग्रह गरेका थिए । सहकारी क्षेत्रको पैसा सहकारीमै लगाउन सकियो भने त्यसको प्रत्यक्ष लाभ सदस्यलाई हुने भएकाले यसतर्फ लाग्न सबैको सुझाव थियो । राष्ट्रिय सहकारी बैंकले शेयर लगानीमा गत वर्षदेखि नै १५ प्रतिशत लाभांश दिएको तथा कारोबार गर्ने संघसंस्थालाई संरक्षित पुँजी फिर्ता कोषमार्फत थप रकम दिने भएकाले तरलताको सबै रकम बैंकमा राख्न बैंकका सञ्चालक रामबहादुर जिसीले आग्रह गरेका थिए । सदस्य संघसंस्थालाई शेयर लाभांशका साथै संरक्षित पुँजीकोषबाट बचत गरेको ब्याज र कर्जा लिएर भुक्तानी गरेको ब्याजका आधारमा थप रकम प्रदान गरिँदै आएको उनले बताए ।

कार्यक्रममा नेफ्स्कुनका सञ्चालक चण्डीप्रसाद शर्माले सहकारीलाई विधिसम्मत चलाउने र सहकारी बैंकमार्फत कारोबार गर्न सके थप प्रगति गर्न सकिने सुझाव दिएका थिए ।

जिल्ला सहकारी संघका अध्यक्ष दीपक गौतम, कृषि सहकारी संघका अध्यक्ष नरबहादुर थापा, बचत तथा ऋण सहकारी संघका लेखा संयोजक महेन्द्रसिंह रायमाझी, बहुउद्देश्यीय सहकारी संघका सञ्चालक कृष्णप्रसाद पौडेल (कुमार), जिल्ला सहकारी संघका कोषाध्यक्ष हुमाकुमारी जिसी (अञ्जु) लगायत सहभागीले शुभकामना, जिज्ञासा तथा सुझाव दिएका थिए ।

बैंकका शाखा प्रमुख युवराज त्रिपाठीले बागलुङ शाखाको वर्तमान अवस्था र आगामी योजनाबारे जानकारी गराउँदै सबै सहकारी संघसंस्थालाई बैंकसँग कारोबार गर्न आह्वान गरेका थिए ।

कार्यक्रम राष्ट्रिय सहकारी बैंक शाखा समन्वय उपसमितिका सहसंयोजक अशोकगोविन्द राजभण्डारीको अध्यक्षता, शाखा प्रमुख युवराज त्रिपाठीको सञ्चालन र कर्मचारी डप्रसाद ढकालको स्वागतमा सम्पन्न भएको थियो ।

# दिल्लीमा नेपाली पहिचानसहितको स्टल सम्मानित




नयाँदिल्ली । NCDC, NEDAC, APEDA, NAFED, ITPO को संयुक्त आयोजना तथा भारतीय विभिन्न मन्त्रालयको सहयोगमा October 11 देखी 13 सम्म भारतको नयाँदिल्लीमा आयोजना भएको "Indian International Cooperative Trade Fair-2619" राष्ट्रिय सहकारी बैंक लिमिटेडको नेतृत्वमा नेपाली सहकारीकर्मीले सहभागिता जनाएका छन्, उक्त Trade Fair मा नेपाली सहकारीकर्मीको नेतृत्व गर्दै राष्ट्रिय सहकारी बैंक लिमिटेडले नेपाली पहिचान सहितको स्टल राखेको थियो ।

कार्यक्रममा सहकारी बैंक, पब्लिक सहकारी संस्था लिमिटेड ललितपुर र कुम्भेश्वर महिला बचत तथा ऋण सहकारी संस्था ललितपुरको छुट्टाछुट्टै स्टलसहित सहभागिता थियो, उक्त अवसरमा पब्लिक सहकारी संस्था लिमिटेड ललितपुर र कुम्भेश्वर महिला साकोसका सदस्यद्वारा उत्पादित सामग्रीसहित सहभागिता जनाएका थिए भने सहकारी बैंकको स्टलमा पद्मावती साकोस ललितपुर र बिन्ध्यबासिनी साकोस काभ्रेमा आबद्ध सदस्यहरूको उत्पादनलाई प्रदर्शन गरिएको थियो, नेपाली सहकारीकर्मीको स्टलमा नेपाली सामान हेर्न तथा खरिद गर्न भारतलगायत देशका सहकारीकर्मीको उल्लेख्य सहभागिता थियो ।

विभिन्न ४० देशका सहकारीकर्मीको सहभागितामा सहकारीबाट प्रवर्द्धित वस्तु तथा सेवाको प्रदर्शनी, खरिद-बिक्री तथा सोसम्बन्धी गोष्ठी र अन्य विषयमा छलफल भएको उक्त Indian International Cooperative Trade Fair-2619 का अवसरमा आयोजकले सहकारी बैंकसहितको नेपाली सहकारीकर्मीलाई IICTF Award of Excellence/Awarded For Ex´plary Performance बाट सम्मानित गरेको थियो ।

बैंकका अध्यक्ष तथा नेडाकका उपाध्यक्ष के.बी. उप्रेती, बैंकका सञ्चालक पार्वती थापा मगर र विजया धिताल तथा कर्मचारी सहित १२ जनाको Trade Fair मा सहभागिता थियो ।

पेज १ बाट क्रमसः

## एटिएम सञ्चालन सम्झौता सम्पन्न.....

सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

उक्त अवसरमा सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले अब सहकारी बैंकमार्फत देशभरका सहकारी सदस्यले सुलभ रूपमा सुरक्षित कार्ड प्रयोग गर्न सक्ने जानकारी गराए, साथै बैंकले सहकारी संस्थामा प्रविधि प्रयोग गरी सहकारीका सदस्यलाई समेत नवीनतम सुविधा उपभोगको अवसर प्रदान गर्ने लक्ष्यसहित सम्झौता भएको बताए । त्यस्तै, कृषि विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्यायले कृषि विकास बैंकको स्थापना नै सहकारी बैंकका रूपमा भएको सम्बन्धमा स्मरण गर्दै बैंकले देशभरका सहकारीमार्फत सहकारीमा आबद्ध सदस्यलाई सहकारी बैंकसन्ग समन्वय गरी कार्ड सञ्चालन गर्न पाउँदा खुसी लागेको जानकारी दिए ।

अब सहकारी बैंकका सदस्य सहकारी संघसंस्थाले बैंकका शाखा कार्यालयमा सम्पर्क गरी तोकिएको प्रक्रिया पूरा गरेर आफ्ना सदस्यलाई एटिएम कार्ड प्रदान गर्न सक्नेछन् । युनियन पे इन्टरन्याशनलको आधुनिक चिप तथा पिनसहितको सुरक्षित कार्ड देशभर जुनसुकै स्थानमा प्रयोग गर्न सकिन्छ । सम्झौताको अवसरमा दुबै बैंकका डिभिजन तथा विभागीय प्रमुखको उपस्थिति थियो ।



# उर्लाबारीमा पर्ल्स अनुगमन तालिम

मोरङ। राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय उर्लाबारीको आयोजनामा उर्लाबारी-४, स्थित कात्यायनी हेरिटज रिसोर्टमा कात्तिक ५ देखि ७ गतेसम्म सञ्चालन भएको तीनदिने पर्ल्स अनुगमन सम्पन्न भएको छ। बैंकको उर्लाबारी शाखा समन्वय उपसमितिका संयोजक देवेन्द्र पौडेलको अध्यक्षतामा समापन भएको उक्त तालिममा उर्लाबारी शाखा कार्यालय अन्तर्गतका ३० सदस्य सहकारी संस्थाबाट ३७ जना सहभागी थिए। उक्त तीनदिने तालिमको सहजीकरण प्रशिक्षक हरिलाल सापकोटाले गरेका थिए। साथै, तालिम समापन कार्यक्रमको सञ्चालन बैंकको उर्लाबारी शाखा कार्यालय प्रमुख मुना केसीले गरेकी थिइन्।

# कर्मचारी दक्षता अभिवृद्धि तालिम

गैंडाकोट। राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा गण्डकी प्रदेशको नवलपुर जिल्लास्थित गैंडाकोटमा सञ्चालित ३ दिने कर्मचारी दक्षता अभिवृद्धि तालिम कात्तिक ७ गते सम्पन्न भएको छ। संस्थामा कार्यरत कर्मचारीलाई दक्ष बनाई बैंकले लिएको दिगो सहकारीको लक्ष्य पूरा गर्न तालिम आयोजना गरिएको बैंकले जनाएको छ। तालिममा दुई चरणमा सहायकस्तरका कर्मचारी सहभागी थिए। तालिम समापन समारोहमा बैंक सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक



रामबहादुर जिसीले तालिमबाट प्राप्त ज्ञानलाई कार्यक्षेत्रमा प्रभावकारी रूपमा लागू गर्न सके मात्रै तालिमको प्रभावकारिता हुने बताए । व्यक्तित्व विकास र संस्थागत विकासका लागि शिक्षा तथा तालिमको अति महत्व हुने भन्दै उनले तालिमलाई व्यावहारिक रूपमा प्रयोग गर्न सक्नेहरू नै व्यक्तिगत तथा संस्थागत रूपमा सफल हुने धारणा व्यक्त गरे ।

समयअनुसार प्रविधि उपयोग गर्दै संस्थाको लक्ष्य पूरा गर्न अग्रसर हुन तालिम सहयोगी हुने भन्दै उनले सहकारी बैंकका कर्मचारीले सिंगो देशको सहकारी अभियान प्रवर्द्धनमा योगदान गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा सहकारी बैंक कावासोती शाखा समन्वय उपसमितिका संयोजक तिलक पराजुलीले सहकारी अभियानमा सबैभन्दा धेरै सदस्य, सञ्जाल, पुँजी, जनशक्ति र बाह्य नेटवर्क रहेको सहकारी बैंकका कर्मचारीले



जागिरभन्दा माथि उठेर सहकारी अभियानलाई सफल पार्न योगदान गर्नुपर्ने बताए । कार्यक्रममा कावासोती शाखाका प्रमुख अरुणा अधिकारी र भरतपुर शाखाका प्रमुख दिव्य केसीले तालिममा सिकेको सीपलाई उपयोग गरी आफू र आफ्नो संस्थाको विकासमा थप योगदान गर्न सुझाव दिएका थिए । तालिमका सहभागी निर्मल खड्का र सुनिता न्यौपानेले तालिम अत्यन्तै प्रभावकारी रहेको र कार्यकक्षमा बसेर काम गर्न तालिममा सिकेको सीपले सहयोग पुग्ने तथा थप उत्साहसाथ काम गर्ने प्रेरणा मिलेको बताए । समापन कार्यक्रमको सञ्चालन बैंकको तालिम विभागका वरिष्ठ अधिकृत मीनाकुमारी शर्माले गरेकी थिइन् । गैंडाकोटस्थित विकु बचत तथा ऋण सहकारी संस्थाको तालिम हलमा सम्पन्न तालिममा विकु साकोसका सञ्चालक इन्द्रराजज्योति पौडेल, प्रबन्धक माधव पौडेल, बैंकका वरिष्ठ अधिकृत मीनाकुमारी शर्मा, हेटौंडा शाखाका प्रमुख रामेश्वर अर्याललगायतले सहजीकरण गरेका थिए ।

# बर्दियामा नीति तथा कार्यविधि निर्माण कार्यशाला

बर्दिया । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधक सहयोग, हेफर इन्टरनेसनलको वित्तीय सहयोगमा दिगोपन सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड तुल्सीपुर, गुलरिया, बर्दियामा ३ दिवसीय नीति तथा कार्यविधि निर्माण कार्यशाला कात्तिक २१ गते सम्पन्न भएको छ । उक्त तालिममा संस्थाका सञ्चालक समिति, लेखा समिति, उपसमिति सदस्य, कर्मचारी, हेफर इन्टर नेसनलका कार्यक्रम अधिकृत प्रदीप शर्मा र सहकारी क्षमता अभिवृद्धि सहजकर्ता राजकुमारी चौधरी गरी ३७ जना सहभागी थिए । । तालिममा सहभागीको तर्फबाट खिमा केसीले कार्यशाला निकै फलदायी भएको भन्दै तालिमले आफ्नो सोच्ने शैली नै फरक भएको बताइन् । तालिमबाट संस्थालाई सञ्चालन गर्ने नीति निर्माण भएको उनको भनाइ थियो । संस्थालाई अब विवेकभन्दा पनि विधिवाट सञ्चालन गर्नुपर्नेमा उनले जोड दिइन् । तालिमबाट संस्थाको विनियम संशोधन मस्यौदा, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन




नीति, आर्थिक प्रशासन नीति, सदस्यता प्रदान नीति, परिवार हित कोष व्यवस्थापन नीति, निर्वाचन निर्देशिका, बजार व्यवस्थापन निर्देशिका र कोष व्यवस्थापन तथा परिचालन नीति निर्माण गर्न सकिनेमा विश्वस्त रहेको सहभागीले बताएका छन् । तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेलवासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

# सिन्धुलीमा नीति तथा कार्यविधि निर्माण कार्यशाला




सिन्धुली । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग, हेफर इन्टरनेसनलको वित्तीय सहयोग र पुष्पाञ्जली महिला सामाजिक बहुउद्देश्यीय सहकारी संस्था दुधौली-९, सिन्धुलीको आयोजनामा दुधौली बजारमा नीति तथा कार्यविधि निर्माणसम्बन्धी ३ दिने कार्यशाला असोज ३० गते सम्पन्न भएको छ । संस्थाका अध्यक्ष मेनुका पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यशाला समापन कार्यक्रमको सञ्चालन संस्थाकी व्यवस्थापक मेसरकुमारी चौधरीले गरेकी थिइन् । सो कार्यक्रममा दुधौली नपा महिला तथा बालबालिका कार्यालयका रामसली तामाङ र राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत तथा सहजकर्ता सर्यप्रसाद रिमालले आतिथ्यता गरेका थिए । उक्त सहकारीका सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्षा उपसमिति, समूह सञ्जालका प्रतिनिधि, कर्मचारी तथा सक्रिय सदस्यसहित २९ जनाको सहभागिता रहेको सो ३ दिने कार्यशालामा सहकारीका लागि आवश्यक सदस्यतासम्बन्धी नीति, सञ्चालकसम्बन्धी नीति, साधारणसभा तथा निर्वाचन नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन तथा लेखा नीति, सम्पत्ति शुद्धीकरण निवारण नीति, वस्तु विकास तथा बजार व्यवस्थापन नीति निर्माणका साथै वित्तीय परामर्श तथा विनियम संशोधनका लागि सहजीकरण गरिएको थियो । सो कार्यशालाको सहजीकरण राष्ट्रिय सहकारी बैंकका तालिम विभागका अधिकृत सूर्यप्रसाद रिमालले गरेका थिए ।

# बिर्तामोडमा सहकारी व्यवस्थापन तालिम



झापा । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बिर्तामोडको आयोजनामा सञ्चालित ३ दिने सहकारी व्यवस्थापन तालिम कात्तिक ८ गते सम्पन्न भएको छ । बिर्तामोडमा आयोजित तीनदिवसीय तालिम समापन समारोहको अध्यक्षता झापा जिल्ला सहकारी संघका अध्यक्ष तथा बैंकको बिर्तामोड शाखा सञ्चालन उपसमितिका संयोजक गणेश ढकालले गरेका थिए । तालिम समापन समारोहमा कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिका-४ का वडाध्यक्ष कुलप्रसाद संग्रौला र विशिष्ट अतिथि राष्ट्रिय सहकारी बैंक लिमिटेडका सञ्चालक महेन्द्रकुमार गिरीलगायतले कार्यक्रममा धारणा व्यक्त गरेका थिए । तालिममा सहकारीको परिचय र आवश्यकता, सहकारी नेतृत्व विकास तथा सहकारीमा जोखिम व्यवस्थापनलगायतबारे राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत सूर्यप्रसाद रिमालले सहजीकरण गरेका थिए । झापा जिल्लाका २९ सहकारी संस्थाबाट ३२ जना सहभागी थिए । तालिम समापन समारोहको सञ्चालन राष्ट्रिय सहकारी बैंक लिमिटेड बिर्तामोड शाखा कार्यालयका प्रमुख मुना घिमिरेले गरेकी थिइन् ।

## चापागाउँमा वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड चापागाउँ शाखाको आयोजनामा सञ्चालित दुईदिने वार्षिक योजना तथा बजेट तर्जुमा तालिम असोज १३ गते समापन भएको छ । उक्त तालिम समापन कार्यक्रम बैंकको चापागाउँ शाखाको प्रमुख रामशरण सापकोटाले सञ्चालन गरेका थिए भने उक्त कार्यक्रममा तालिमको महत्वको विषयमा प्रशिक्षक अनिलवीर बज्राचार्यले मन्तव्य व्यक्त गरेका थिए। तालिममा सहभागीलाई प्रशिक्षक अनिलवीर बज्राचार्य र केन्द्रीय कार्यालयका तालिम विभाग अधिकृत हीरालाल सुनारले संयुक्त रूपमा सहभागीलाई प्रमाणपत्र वितरण गरी कार्यक्रम समापन गरेका थिए ।

## महेन्द्रनगरमा अभिमुखीकरण कार्यक्रम

कैलाली । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय धनगढी र भीमदत्त नगरपालिका, महेन्द्रनगरको संयुक्त आयोजनामा भीमदत्त नगरपालिका, महेन्द्रनगरको सभाहलमा सहकारी बैंकको सेवा विषयक एकदिवसीय अभिमुखीकरण कार्यक्रम कात्तिक ७ गते सम्पन्न भएको छ। बैंकका सञ्चालक शिवा थापाको अध्यक्षता तथा भीमदत्त नगर प्रमुख सुरेन्द्र विष्टको प्रमुख आतिथ्यमा सम्पन्न उक्त अभिमुखीकरण कार्यक्रममा बैंकको परिचय, बैंकमा संघसंस्था कसरी आबद्ध भई शेयर सदस्य बन्ने, बैंकले प्रदान गर्दै आएको सेवा आदिको विषयको जानकारी तथा उक्त कार्यक्रमको सञ्चालन बैंकको धनगढी शाखा कार्यालय प्रमुख कृष्ण रावलले गरेका थिए ।

# देशभरि सहकारी बैंकको शाखा कार्यालयमा लक्ष्मीपूजा

काठमाडौं । शुभ दीपावली तथा लक्ष्मीपूजाको अवसरमा देशभरिका सहकारी बैंकको शाखा कार्यालयमा लक्ष्मीपूजा कात्तिक १० गते आयोजना गरिएको छ । शाखा कार्यालयले स्थानीय कर्मचारी तथा सहकारीकर्मीलाई कार्यालयमा आमन्त्रण गरी धनधान्यकी देवी लक्ष्मीको पूजा गरी शुभकामना आदान प्रदान गरेको छ ।

साथै, राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखा तथा कर्मचारी क्लब तनहुँको संयुक्त आयोजनामा ०७६ सालको शुभदीपावली तथा छठ पर्वको अवसरमा व्यास नगरपालिका र आसपासका सहकारी संघसंस्थालाई सहभागी गराई शुभकामना आदानप्रदान गरिएको हो । सहकारी बैंक र सहकारी संघसंस्थाका कर्मचारीबीचको सम्बन्ध प्रगाढ बनाउने उद्देश्यले उक्त कार्यक्रम आयोजना भएको थियो । कार्यक्रममा कर्मचारी क्लबका अध्यक्ष बाबुराम मिश्रले अध्यक्षता गरेका थिए । केन्द्रीय दुग्ध सहकारी संघका वरिष्ठ उपाध्यक्ष अमरबहादुर कुँवरको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष श्रीप्रसाद भट्टराई, जिल्ला सहकारी संघका महासचिव मदन पण्डित, जिल्ला दुग्ध सहकारी संघका अध्यक्ष यज्ञप्रसाद शर्मा र जिल्ला सहकारी संघका सञ्चालक अर्जुन गुरुङले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । उक्त कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको स्तरीकरण कार्यक्रम, सहकारी बैंकले प्रदान गरिरहेको बिमासम्बन्धी सेवा, साथै कृषि विकास बैंकको सहकार्यमा सञ्चालन गरिने एटिएम सेवाबारे राष्ट्रिय सहकारी बैंक दमौलीका शाखाले प्रमुख उपेन्द्र दाहालले गरेका थिए । साथै, कर्मचारी क्लबका सचिव शान्तराम न्यौपानेले स्वागत मन्तव्य व्यक्त गरेका थिए । पत्रकार महासंघ दमौलीको सभाकक्षमा सम्पन्न उक्त कार्यक्रम सञ्चालन उपेन्द्र दाहालले गरेका थिए ।



# लाहानमा कर सम्बन्धी अभिमुखीकरण तालिम

सिरहा । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय लहानको आयोजनामा श्री बुद्ध महिला साकोस धनगढी, सिरहाको तालिम कक्षमा सहकारीमा करसम्बन्धी अभिमुखीकरण तालिम कात्तिक २३ गते सम्पन्न भएको छ । उक्त अभिमुखीकरण तालिममा बैंकको लहान शाखा कार्यालयअन्तर्गत कारोबार गर्ने ३५ वटा सहकारी संस्थाका ४४ जना सहभागी थिए । उक्त तालिमको प्रशिक्षण आन्तरिक राजस्व कार्यालय, लहानका कर अधिकृत बलराम दाहाल, कर अधिकृत हेरम्बर राज न्यौपाने, कर अधिकृत देवेन्द्रकुमार लिम्बू, कर अधिकृत संगम गुरुङहरूले गरेका थिए । तालिम कार्यक्रमको सञ्चालन बैंकको लहान शाखा प्रमुख चिरजीवी तिम्सिनाले गरेका थिए ।



# अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको सहभागिता



## मलेसिया

ललितपुर । एसियाली ऋण महासंघको आयोजनामा सेप्टेम्बर २२ देखि सेप्टेम्बर ३० सम्म मलेसियाको क्वालालम्पुरमा "Making Positive Impact on People's Lives" मूल विषयवस्तु भएको Asian Credit Union Forum 2019 अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेती, रजिस्ट्रार डा. टोकराज पाण्डे, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं लगायत १७ जना विभिन्न व्यक्तित्वले सहभागिता जनाएका थिए ।

## कोरिया

ललितपुर । ICA-AP/NACF को आयोजनामा सेप्टेम्बर २३ देखि सेप्टेम्बर २७ सम्म कोरियामा भएको "Agricultural Cooperative System in Korea" अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको तर्फबाट बैंकका सञ्चालक सरिता भट्टराई र कर्जा विभाग प्रमुख प्रमोदकुमार घिमिरेलगायत बैंकको बागलुङ शाखा समन्वय उपसमितिका सल्लाहकार दुर्गाबहादुर कुँवरले सहभागिता जनाएका थिए ।

## भारत

दाङ । CICTAB को आयोजनामा 15th अक्टोबर देखि 18th अक्टोबरसम्म भारतको गुडगाउँ "Agriculture and Rural Development Through Cooperative Business Model" अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको तर्फबाट बालचन्द्र शर्मा, ध्रुव पौडेल तथा ऋषिराम रिजालले सहभागिता जनाएका थिए ।

## ताइवान

ललितपुर । CREDIT UNION LEAGUE OF THE REPUBLIC OF CHINA को आयोजनामा नोभेम्बर ४ देखि ८ सम्म Taichung TAIWAN मा सम्पन्न भएको "CULROC Exposure Program 2019" मा बैंक सञ्चालक केदार मानन्धरको सहभागिता रह्यो ।

# सिद्धार्थ सहकारीले थप्यो बैंकको शेयर

सुर्खेत । वीरेन्द्रनगर-९, सुर्खेतस्थित सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले राष्ट्रिय सहकारी बैंक लिमिटेडको शेयर थप गरी एक करोड ५१ लाख एक हजार पुऱ्याएको छ । यसअघि संस्थाको बैंकमा १ करोड १ हजार बराबरको शेयर रहेकामा हाल थप ५० लाख बराबरको शेयर लिई संस्थाले एक करोड ५० लाख एक हजार पुऱ्याएको हो । यससँगै कर्णाली प्रदेशबाट बैंकको सबैभन्दा ठूलो शेयर लिने सदस्य संस्था सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बनेको छ ।

एक कार्यक्रमबीच सिद्धार्थ सहकारीका सञ्चालक समितिका सम्पूर्ण सदस्य तथा व्यवस्थापक झक्कडबहादुर पुलामीसहित संस्थाका अध्यक्ष आशुराम स्वमैले ५० लाखको चेक बैंकको सुर्खेत शाखा कार्यालयका प्रमुख सागरनाथ योगीलाई कात्तिक २७ गते हस्तान्तरण गरेका थिए ।



# सञ्चालक सुब्बा सम्मानित

**असोज ३, मोरङ**

राष्ट्रिय सहकारी बैंकका सञ्चालक समिति सदस्य अमृता सुब्बा लालीगुराँस सहकारी अवार्ड ०७६ बाट सम्मानित भएका छन् । सहकारी अभियानमा उनले पुऱ्याएको योगदानको कदर गर्दै बेलबारी नपा-३ मोरङस्थित लालीगुराँस बचत तथा ऋण सहकारी संस्थाले आफ्नो २५औं वार्षिक साधारणसभाको अवसरमा सम्मान गरेको छ । राष्ट्रिय सहकारी बैंकका सञ्चालक सुब्बा महिला बचत तथा ऋण सहकारी संस्था इटहरीको अध्यक्षसमेत हुन् । साथै, नेपाली सहकारी क्षेत्रमा सक्रिय सुब्बाले पुऱ्याएको योगदानको कदर गर्दै गत वर्ष संविधान दिवसको अवसरमा राष्ट्रपतिबाट प्रबल जनसेवा श्री (चतुर्थ श्रेणी) सम्मानबाट समेत विभूषित भएका थिए ।



# राष्ट्रिय सहकारी बैंकका साधारण सभाहरु

**प्रारम्भिक साधारणसभा :**

राष्ट्रिय सहकारी बैंकको प्रारम्भिक साधारणसभा २०६० पुस १९ गते शनिबार राष्ट्रिय योजना आयोगका सदस्य डा. हरिकृष्ण उपाध्यायको प्रमुख आतिथ्यमा सहकारी प्रशिक्षण केन्द्र नयाँ बानेश्वर काठमाडौँमा सम्पन्न भएको थियो । उक्त साधारण सभाले पहिलो कार्यकालका लागि सञ्चालक समिति र लेखा समिति को निर्बाचित समेत गरेको थियो ।

**प्रथम साधारणसभा :**

प्रथम वार्षिक साधारणसभा २०६२ बैशाख १६ गते शुक्रबार शिक्षा तथा खेलकुद मन्त्री राधाकृष्ण मैनालीको प्रमुख आतिथ्यमा सहकारी प्रशिक्षण केन्द्र नयाँ बानेश्वरमा सम्पन्न भएको थियो ।

**दोस्रो साधारणसभा :**

दोस्रो वार्षिक साधारणसभा २०६३ जेठ २७ गते शनिबार वन तथा भू-संरक्षण मन्त्री गोपाल राईको प्रमुख आतिथ्यमा अतिथि सदन बिराटनगरमा सम्पन्न भएको थियो ।

**तेस्रो साधारणसभा :**

तेस्रो वार्षिक साधारणसभा २०६३ जेठ २७ गते उप-प्रधान तथा परराष्ट्रमन्त्री के.पी.शर्मा ओलीको प्रमुख आतिथ्यमा दिपेन्द्र सभागृह पोखरामा सम्पन्न भएको थियो ।

**चौथो साधारणसभा :**

चौथो वार्षिक साधरणसभा २०६३ पुस २१ गते शनिबार कृषि तथा सहकारी मन्त्री छविलाल बिश्वकर्माको प्रमुख आतिथ्यतामा ललितपुरमा सम्पन्न भएको थियो ।

**पाँचौ साधारणसभा :**

पाँचौ वार्षिक साधरणसभा २०६५ पुस २० र २१ गते अर्थमन्त्री डा.बाबुराम भट्टराईको प्रमुख आतिथ्यमा नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भएको थियो। उक्त साधारण सभा ले दोस्रो कार्यकालका लागि सञ्चालक समिति र लेखा समिति निर्वाचित गरेको थियो ।

**छैठौं वार्षिक साधारणसभाः**

छैठौं वार्षिक साधारणसभा २०६६ माघ २३ गते शनिबार संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको प्रमुख आतिथ्यतामा झापाको मेचीनगर ३, धुलाबारीमा सम्पन्न भएको थियो ।

**सातौं वार्षिक साधारणसभा :**

सातौं वार्षिक साधारणसभा २०६७ पौष २४ गते शनिबार संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको प्रमुख आतिथ्यतामा काभ्रेको बनेपा नगरपालिका-६ मा सम्पन्न भएको थियो ।

**आठौं वार्षिक साधारणसभा :**

आठौं वार्षिक साधारणसभा २०६८ मंसिर २८ गते कृषि तथा सहकारी मन्त्री नन्दन कुमार दत्तको प्रमुख आतिथ्यतामा भक्तपुरको बोडेस्थित कृषि विकास बैंक लि.को केन्द्रीय तालिम केन्द्रमा सम्पन्न भएको थियो ।

**नवौं वार्षिक साधारणसभा :**

नवौं वार्षिक साधारणसभा २०६९ मंसिर २८ गते राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष केशव वडालको प्रमुख आतिथ्यतामा भृकुटीमण्डप काठमाडौंमा सम्पन्न भएको थियो ।

**दशौं वार्षिक साधारणसभा :**

दशौं वार्षिक साधारणसभा २०७० मङ्सिर २३ र २४ मा राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष माननीय केशव वडालको प्रमुख आतिथ्यतामा प्रज्ञा प्रतिष्ठान काठमाडौमा सम्पन्न भएको थियो । उक्त साधारणसभाले तेस्रो कार्यकालका लागि सञ्चालक समिति र लेखा समितिको निर्वाचित समेत गरेको थियो ।

**एघारौ वार्षिक साधारणसभा :**

एघारौ वार्षिक साधारणसभा २०७१ मंसिर २९ गते उपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यतामा बिरेन्द्र सभा गृह बिराटनगर मोरंगमा सम्पन्न भएको थियो ।

**बाह्रौं वार्षिक साधारणसभा :**

बाह्रौं वार्षिक साधारणसभा २०७२ फागुन १५ गते राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा भृकुटिमण्डप काठमाडौमा सम्पन्न भएको थियो ।

**तेह्रौ वार्षिक साधारणसभा :**

तेह्रौ वार्षिक साधारणसभा २०७३ मंसिर १८ गते सहकारी तथा गरिबी निवारण मन्त्री हृदयराम थानीको प्रमुख आतिथ्यतामा भृकुटिमण्डप काठमाडौमा सम्पन्न भएको थियो ।

**चौधौ वार्षिक साधारणसभा :**

चौंधौ वार्षिक साधारणसभा २०७४ पुष ६ गते उप-राष्ट्रपति नन्द बहादुर पुनको प्रमुख आतिथ्यतामा भृकुटिमण्डप परिसर, काठमाडौमा सम्पन्न भएको थियो ।

**पन्ध्रौ वार्षिक साधारणसभा :**

पन्ध्रौ वार्षिक साधारणसभा २०७५ पुष २१ र २२ मा भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालको प्रमुख आतिथ्यतामा योगम्वर पार्टि भेन्यु, सिंहदरवार, काठमाडौंमा सम्पन्न भएको थियो । उक्त साधारण सभाले चौथो कार्यकालका लागि सञ्चालक समिति र लेखा समितिको निर्वाचित समेत गरेको थियो ।

**सोह्रौ वार्षिक साधारणसभा :**

सोह्रौ वार्षिक साधारणसभा २०७६ पुष ३ गते भृकुटिमण्डप परिसर, काठमाडौमा सम्पन्न हुदैछ ।

# पुँजी निर्माण र परिचालनमा सहकारीसँग सहकार्य गर्न तयार छौं : कार्यवाहक मुख्यमन्त्री गुरुङ



कास्की । गण्डकी प्रदेश सरकारका कार्यवाहक मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले पुँजी निर्माण र परिचालनमा सहकारी क्षेत्रको भूमिका अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय सहकारी बैंक पोखरा शाखाले २६ कात्तिक पोखरामा आयोजना गरेको सहकारी संघहरूको प्रवर्द्धनमा राष्ट्रिय सहकारी बैंकको भूमिका विषयक एकदिने गण्डकी प्रदेशस्तरीय गोष्ठी उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

सहकारी क्षेत्रले सदस्यहरूसँग भएको पुँजी परिचालन गरी मुलुकको आर्थिक विकासमा योगदान गर्न सक्ने भएकाले पुँजी निर्माण र परिचालनका लागि सहकारीहरूसँग समन्वय गरेर अगाडि बढ्न गण्डकी प्रदेश सरकार तयार रहेको बताए । उनले सहकारीले उत्पादन क्षेत्रमा गर्ने कामको योजनासहित आएमा सहकारीसँग समन्वय गरेर काम गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष मीनराज कँडेलले सहकारी अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउन राष्ट्रिय सहकारी बैंकले खेलेको भूमिका सराहनीय रहेको बताए । उनले सहकारी बैंकमा प्रारम्भिक सहकारी संस्थादेखि महासंघसम्म सदस्य बन्ने भएकाले बैंकले गर्ने कार्यले समग्र सहकारी अभियानलाई प्रभाव पार्ने धारणा व्यक्त गरे । कार्यक्रममा लेखा संयोजक धर्मदत्त देवकोटा, सञ्चालक तथा गण्डकी प्रदेशसभा सदस्य प्रभा कोइराला, बैंकका अध्यक्ष के.बी. उप्रेती, महासंघ सञ्चालक तथा नेफ्स्कुनका महासचिव चन्द्र ढकालगायतले सहकारी संघहरूको सक्रियताले समग्र सहकारी अभियानलाई प्रभावकारी बनाउन सहयोग पुग्ने बताए ।

कार्यक्रममा सहकारी बैंकको संक्षिप्त परिचय तथा सहकारी संघहरूको प्रवर्द्धनमा राष्ट्रिय सहकारी बैंकको भूमिका विषयमा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहजीकरण गरेका थिए । कार्यक्रमका सहभागीले सहकारी संघहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन राष्ट्रिय सहकारी बैंकले वित्तीय क्षेत्रका साथै नेतृत्व विकास, क्षमता विकास र नीति तथा कार्यविधि निर्माणमा सहयोग गर्नुपर्ने सुझाव दिएका थिए । कार्यक्रम बैंकको पोखरा शाखा समन्वय उपसमिति संयोजक तुल्सीप्रसाद गुरुङको अध्यक्षता, सल्लाहकार तथा जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारीको स्वागत र शाखा प्रमुख सन्तोष घिमिरेको सञ्चालनमा सम्पन्न भएको थियो ।

गण्डकी प्रदेशअन्तर्गत गठित जिल्ला सहकारी संघ तथा विभिन्न विषयका जिल्लास्तरीय सहकारी संघका अध्यक्ष तथा प्रतिनिधि गरी ८५ जना कार्यक्रममा सहभागी थिए ।

# सदस्यलाई कृषिमा प्रोत्साहन गर्दै गुप्तेश्वरी सहकारी



मकै बिउ उत्पादनमा हेटौडाको गुप्तेश्वरी कृषि सहकारी संस्था नमूना बन्दै गैरहेको छ, वि.स. २०५६ सालमा साविक पदमपोखरी गा.वी.स. र हालको हेटौडा उप-महानगर वार्ड १२ मा छरिएर रहेका कृषक सदस्यहरुको ३६ जनाको समूहवाट २५ जना सदस्यको तदर्थ समिति बनाई संस्था बिधिवत रुपमा दर्ता भएको थियो, आफ्नै २ तल्ले कार्यालय भवनसमेत निर्माण गरेको सहकारीले अहिले उप-महानगर वार्ड १२ र १३ मा कृषक सदस्यहरुको सहकार्यमा मकैको बिउ उत्पादन गरी हेटौडा, गोरखा, तनहूँ, नुवाकोट, सर्लाही, सिन्धुली लगायतका जिल्लाका कृषकहरुलाई बिक्रि वितरण गर्दै आएको छ ।

सहकारीका अध्यक्ष बसुन्धरा लामाका अनुसार संस्थाले सदस्यहरुको सहकार्यमा हाल **"रामपुर कम्पोजिट"** जातको मकैको बिऊ उत्पादन तथा प्रसोधन गरी बिक्रिबितरण गर्दै आईरहेको हो, संस्थाले उत्पादनको सम्भाव्यताको अध्यायन गरी कृषकलाई सिप, तालिम, पूँजी, प्राविधिक, आधुनिक औजारलगाएत आवश्यक सम्पूर्ण सुविधा दिएर कृषिमा लाग्न प्रेरणा दिदै आइरहेको समेत संस्थाका अध्यक्ष लामाले बताउनु भयो ।

सहकारी बैंकले २०७४ सालमा संस्थालाई तरलता अभाव भएको समयमा ४४ लाख ७ हजार ऋण प्रदान गरेको स्मरण गर्दै अध्यक्ष लामा भन्नु हुन्छ सहकारी बैंकवाट लगानी भएको रकमवाट संस्थाले आवश्यक पूर्वाधार खरीद तथा सदस्यहरुलाई मकै बिऊ उप्तादनको लागि सहयोग गरेको थियो, सोही सहकारी बैंकको ऋण, सदस्यहरुको निक्षेप तथा जिल्ला कृषि विकास कार्यालय हेटौडाको सहयोगवाट हाल संस्थामा पदमपोखरी क्षेत्रका ८१५ जना कृषकहरु आवद्ध भई १३,४७,३०० शेयर पूँजी र ९०,२६,६१९ निक्षेप संकलन गर्न संस्था सफल भएको छ भने गतबर्ष बार्षिक २० टन सम्म मकै बिऊ बिक्री गर्न संस्था सफल भएको थियो ।

पदमपोखरीका स्थित संस्थामा आवद्ध सदस्यहरु शान्ति कुमारी बल र चमेली लामाले २०/३० कट्ठामा मकै बिऊ खेती गरी बार्षिक २ लाख सम्म मुनाफा आर्जन गर्न सफल भएकोले जानकारी




दिदै अध्यक्ष लामा भन्नु हुन्छ १० हजार देखि लाख सम्म मुनाफा गर्ने सदस्यहरु संस्थामा छन, संस्थाले सदस्यहरुलाई निशुल्क रुपमा मकै बिऊ तथा रासायनिक मलको ढुवानी सेवा समेत दिई रहेको छ, सदस्यहरुलाई मौसमी र बेमौसमी तरकाली खेती सम्बन्धी ६/६ महिने तालीम, बालिमा लाग्ने रोग परिक्षण गर्ने तालीम, बालि उत्पादन तथा गुणस्तर नियन्त्रण तालीम, बिऊ बिजन उत्पादन तथा व्यवस्थापन तालीम, बिऊ भण्डारण तथा बजारीकरण तालीम लगायतका तालीमवाट सबल संस्था र संतुष्ट सदस्य बनाउने लक्ष्य लिई संस्था अगाड़ी बढी रहेको छ ।

सिंचाईको आभाव, बिऊको बजार, युवा शक्ति कृषि पेशामा नलाग्नु, बिऊको व्यवस्थित नहुनु, बिऊको मूल्य निर्धारण नहुनु लगायतका चुनौतीहरुको समाना गर्दै अगाड़ी बढीरहेको संस्थाले सरोकारवाला निकायहरुवाट कृषि अनुदान सम्बन्धी सहयोग पाएमा थप कृषकहरुलाई संस्थामा आबद्ध गराई जिल्लाकै नमूना कृषि सहकारी संस्था बन्ने सपना देखेको छ ।